दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ११५ | बुटवल | २०८३ बैशाख १२ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday April 25, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर: ९८०१८२७९५०**


## विकल्पविना सुकुम्वासी बस्ती हटाउने कार्यको चौतर्फी आलोचना

बुटवल। सरकारले विकल्पविना सुकुम्वासी बस्ती हटाउने कार्यको चौतर्फी आलोचना भएको छ।

प्रतिपक्ष दल नेपाली कांग्रेसले सुकुम्वासी समस्याको समाधान वार्ताबाटै हुनुपर्ने बताएको छ। प्रवक्ता देवराज चालिसेले संवाद बिनै बल जफत गर्नु राम्रो नहुने बताए। बल प्रयोग गर्ने विषय अन्तिम विकल्प भएको बताउँदै बिना वार्ता र संवाद विकल्पमा प्रवेश गर्न नहुने आफूहरूको धारणा रहेको उनले बताए।

'चाहे सुकुम्वासीको कुरो होस्, चाहे विद्यार्थीको कुरो होस्, चाहे अन्य विषय किन नहुन्। संवाद सहकार्य वार्ताबाटै मात्रै यी कुराहरु मुठभेडबाट होइन समाधान खोज्ने,' चालिसेले भने-'कुरा सुन्नु पर्‍यो जनताको आवाज सुन्नु पर्यो अनि समाधानको अगाडि जानु पर्‍यो। समाधान पछि उपाय केही लागेन भने सरकारले हिंसा प्रयोग गर्ने सरकारले बल जफत गर्ने भन्ने कुरा त अन्तिम विकल्प हो नि।'

उनले थप अघि भने-'अन्तिम विकल्पलाई बिना वार्ता बिना संवाद पहिलै विकल्पको रुपमा प्रयोग गर्नु भनेको यो सरकारको बचपना हो यो अनुभवको अभाव हो यो अपरिपक्वता हो।'

नेकपा एमालेले सुकुम्वासी बस्ती हटाउने सरकारको तयारीप्रति आपत्ति जनाउँदै मौलिक अधिकार, मानवताका आधारभूत मूल्य, सामाजिक न्यायका सिद्धान्त तथा अन्तर्राष्ट्रिय मानवअधिकारका आधारभूत मापदण्डहरूको प्रत्यक्ष उल्लंघन भएको बताएको छ।

पार्टी प्रचार विभाग प्रमुख मीनबहादुर शाहीले एक विज्ञप्ति जारी गर्दै सुकुम्वासी समस्या सामाजिक, आर्थिक, सांस्कृतिक र ऐतिहासिक पृष्ठभूमिसँग गाँसिएको उल्लेख गरेका छन्।

'जटिल विषय भएकाले यसलाई बलपूर्वक हटाउने उपायबाट समाधान गर्न खोज्नु दिगो र न्यायोचित हुन सक्दैन।'- शाहीले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

» बाँकी ३ पेजमा

## बैठक नै नबस्दै संसद स्थगित आपत्तिजनक : कांग्रेस

नेपाली कांग्रेसले सरकारको सिफारिसमा राष्ट्रपतिद्वारा आह्वान गरिएको संसद् अधिवेशनको बैठक नै नबस्दै पुनः स्थगित गरिएकोप्रति आपत्ति जनाएको छ।

शुक्रबार बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले संविधानअनुसार अधिवेशन आह्वान गर्नु वैधानिक प्रक्रिया भए पनि बैठक नै नबस्दै स्थगन गर्नु संसदीय परम्परा, अभ्यास तथा संवैधानिक नैतिकताको प्रतिकूल कार्य भएको निष्कर्ष निकालेको छ।

बैठकपछि प्रवक्ता देवराज चालिसेले जारी गरेको विज्ञप्तिमा भनिएको छ-'यसले संसद् जस्तो सर्वोच्च जनप्रतिनिधिमूलक संस्थालाई स्वतन्त्र विमर्श तथा निर्णय गर्ने निकायको रूपमा नभई, कार्यपालिकाको सुविधाअनुसार सञ्चालन हुने 'औजार' का रूपमा प्रस्तुत गर्ने गम्भीर जोखिम उत्पन्न गरेको छ।'

विशेष कारणजस्तो अस्पष्ट आधारमा संसद् स्थगन गर्नु र त्यसबारे नागरिकलाई स्पष्ट जानकारी नदिनु सरकारको पारदर्शिता र नियतमाथि गम्भीर प्रश्न खडा गरेको कांग्रेसको निष्कर्ष छ। अविलम्ब संसद् बैठक सुचारु गर्न बैठकले माग गरेको छ।

## प्रादेशिक अस्पतालका मेसु डा. गौतमद्वारा पदभार ग्रहण




बुटवल। लुम्बिनी प्रादेशिक अस्पताल बुटवलको मेडिकल सुपरिटेन्डेन्ट (मेसु) पदमा नव नियुक्त डा. विष्णु गौतमले शुक्रबार पदभार ग्रहण गरेका छन्। सो अवसरमा अस्पताल विकास समितिका अध्यक्ष अजयमान श्रेष्ठ, सदस्य लक्ष्मी भट्टराई, निवर्तमान मेसु डा. इन्द्र ढकाल, पूर्व मेसु डा. सुदर्शन थापालगायतले डा. गौतमको सफल कार्यकालका लागि बधाईसहित शुभकामना व्यक्त गरे।

सो अवसरमा बोल्दै मेसु डा. गौतमले अस्पतालमा प्राप्त जनशक्ति, उपकरण तथा प्रविधि र संरचनाको अधिकतम प्रयोग गरी स्वास्थ्य सेवा उपलब्ध गराउनेमा आफ्नो ध्यान केन्द्रित रहने बताए। जनअपेक्षा र उपलब्ध स्रोतबिच ठूलो खाडल रहेको बताउँदै उनले प्रदेश सरकार तथा संघीय सरकारसँग आवश्यक सहयोग र समन्वयमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे। उनले सुशासनको पक्षलाई पनि प्रतिबद्ध भएर कार्यान्वयन गरिने बताए।

संघीय सरकारको निर्देशनमा गौतमलाई मेसुको जिम्मेवारी दिने निर्णय भएको हो। डा.गौतम स्वास्थ्य सेवाको जनरल हेल्थ सर्भिस समूहअन्तर्गत ११औं तहका वरिष्ठ चिकित्सक हुन्। उनी मेसु बन्न आवश्यक सबैभन्दा महत्वपूर्ण योग्यता अस्पताल व्यवस्थापनको परीक्षा उत्तीर्ण डाक्टर हुन्।

# सरकारले निरुत्साहित बनायो : निजी क्षेत्र

**अर्थतन्त्रमा ८१ प्रतिशत र रोजगारीमा ८६ प्रतिशत योगदान पुर्‍याइरहेको निजी क्षेत्र त्रसित हुनुपर्ने अवस्था सिर्जना हुँदा यसले अर्थतन्त्र, रोजगारी, राजस्व एवम् पूर्वाधार निर्माणमा समेत गम्भीर असर पर्नेतर्फ छाता संगठनले सचेत गराएका छन्।**



**लुम्बिनी संवाददाता**
*बुटवल*

सरकारले उद्योगी व्यवसायीमाथि गरेको धरपकड र थुनछेकले निजी क्षेत्रलाई निरुत्साहित बनाएको निजी क्षेत्रका छाता संगठनहरुले बताएका छन्।

शुक्रबार संयुक्त विज्ञप्ति जारी गर्दै नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्शले यस्तो बताएका हुन्। बिहीबार प्रहरीले उद्योगी शेखर खोल्छालाई नियन्त्रणमा लिएसँगै निजी क्षेत्रले संयूक्त विज्ञप्ति जारी गरेको हो।

नयाँ सरकार गठनपछि मुलुकमा स्थिरता कायम भई लगानीको वातावरण बन्ने अपेक्षा गरिएको समयमा उद्यमी व्यवसायीमाथि धरपकड र थुनछेक हुँदा निजी क्षेत्र निरुत्साहित भएको विज्ञप्तिमा उल्लेख छ।

अर्थतन्त्रमा ८१ प्रतिशत र रोजगारीमा ८६ प्रतिशत योगदान पुर्‍याइरहेको निजी क्षेत्र त्रसित हुनुपर्ने अवस्था सिर्जना हुँदा यसले अर्थतन्त्र, रोजगारी, राजस्व एवम् पूर्वाधार निर्माणमा समेत गम्भीर असर पर्नेतर्फ छाता संगठनले सचेत गराएका छन्।

नियामकीय निकायका प्रतिवेदनका आधारमा मात्रै पनि उद्योगी व्यवसायीलाई पक्राउ गरिएको सन्दर्भमा आर्थिक कसुरका सम्बन्धमा पहिले सुन्ने अनि कसुर प्रमाणित भएपछि मात्र थुन्ने दृष्टिकोण र व्यवहार गर्न सरकारलाई गम्भीर रुपमा आग्रह समेत गरिएको छ।

उद्यमी व्यवसायीहरुले अनुसन्धानलाई सघाउन आफू पूर्ण तयार रहेको र प्रहरीले बोलाएको समयमा उपस्थित हुने जानकारी गराउँदा गराउँदै पनि आर्थिक कसुरकै अभियोजनमा पक्राउ गरिनुले समग्र निजी क्षेत्रलाई चिन्तित एवम् दुःखी बनाएको समेत बताएका छन्।

उद्यमी व्यवसायीलाई यसरी धरपकड हुँदा व्यक्तिमात्र नभइ लाखौं रोजगारी, आपूर्ति श्रृंखला, बैंकिङ क्षेत्र र सम्पूर्ण प्रणालीमै गम्भीर धक्का पुग्न गई अर्थतन्त्र गम्भीर संकटमा पर्ने ध्यानाकर्षण गराइएको छ।

नेपाल सरकारले निजी क्षेत्रको योगदानलाई महसुस गरी हाल नीति तथा कानुन निर्माणमा निजी क्षेत्रलाई समेत सामेल गराउन थालेको विषयलाई निजी क्षेत्रले सकारात्मक भनेको छ। निजी क्षेत्रको सुरक्षा र प्रवर्द्धनका लागि निजी क्षेत्र संरक्षण एवम् प्रवर्द्धन रणनीति तयार पार्ने गरी मन्त्रिपरिषद्ले पारित गरिसकेको समयमा भइरहेको धरपकडले निजी क्षेत्रलाई थप सशंकित बनाएको उनीहरूको भनाइ छ।

» बाँकी ३ पेजमा

## पूर्वमन्त्री विक्रम पाण्डे पक्राउ

बुटवल। राप्रपाका नेता, व्यवसायी एवं पूर्वमन्त्री विक्रम पाण्डे पक्राउ परेका छन्।

उनलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले शुक्रबार पक्राउ गरेको हो।

उनी राप्रपाका वरिष्ठ नेता एवं उपाध्यक्ष हुन्। उनलाई आफू अनुकूलको ठेक्का पार्ने प्रयासका क्रममा ई-बिडिङको वेबसाइट ह्याक गरेको आरोपमा पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पाण्डे ०७९ को निर्वाचनमा चितवन क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका थिए।

पाण्डेविरुद्ध ०७५ सालमा सिक्टा सिँचाइ आयोजनामा गुणस्तरहीन काम भएको अख्तियारले मुद्दा दायर गरेको थियो। सो मुद्दामा उनी ४ करोड धरौटी बुझाएर रिहा भएका थिए।

## गोल्छा चार दिन थुनामै

बुटवल। उद्योगी शेखर गोल्छाविरुद्ध अनुसन्धान गर्न अदालतले ४ दिनको म्याद दिएको छ।

गोल्छालाई प्रहरीले बिहीबार काठमाडौंको नक्सालबाट पक्राउ गरेको थियो। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले उनलाई पक्राउ परेको हो। धितोपत्रसम्बन्धी ऐन, २०६३ अन्तर्गतको कसुरमा हिमालयन रिइन्स्योरेन्स लिमिटेडका तत्कालीन अध्यक्ष गोल्छा पक्राउ परेका हुन्।

नेपाल धितोपत्र बोर्डको प्रारम्भिक जाँचबुझ प्रतिवेदन समेतको आधारमा हिमालयन रिइन्स्योरेन्स लिमिटेडका तत्कालीन अध्यक्ष गोल्छा समेतको मिलेमतोमा धितोपत्रसम्बन्धी ऐन, २०६३ को दफा ९४, ९५, ९६ को उपदफा (१) र दफा ९८ बमोजिम कसुरमा थप अनुसन्धान तथा कारबाहीका लागि बोर्डको प्रारम्भिक जाँचबुझ प्रतिवेदन, २०८३ ब्युरोमा प्राप्त हुन आएकोमा काठमाडौं जिल्ला अदालतबाट पक्राउ अनुमति लिएर उनलाई पक्राउ गरिएको हो।

गोल्छा नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष हुन्। विवादास्पद व्यवसायी दीपक भट्ट र सुलभ अग्रवाललगायत समूहको मिलेमतोमा भएको सेयर कारोबारको विषयमा धितोपत्र बोर्डले जाँचबुझ सुपरिवेक्षण प्रतिवेदन तयार पारेको थियो। जसमा गोल्छासहितका ६ जनाको मिलेमतो भएको आशंका गरिएको छ।

## थोक बजारको टेण्डर नखुल्दा नेपाली किसानको लाखौंको तरकारी नबिकेर कुहियो



बुटवल। अदालतको आदेशलाई अटेर गर्दै बुटवलको कृषि उपज थोक बजारको टेण्डर लामो समय नखोल्दा नेपाली किसानको लाखौं रुपैयाँका तरकारी बिक्री हुन नसकी कुहिएर फाल्नुपर्ने अवस्था सिर्जना भएको छ।

अदालतको फैसलाको ६ महिना बितिसिक्दा पनि आदेश उल्लंघन गर्दै बुटवल उपमहानगरलगायत सम्बन्धित सरकारी निकायले टेन्डर नखोल्दा त्यहाँ बसेका व्यवसायीको सिण्डिकेटको मारमा परेर नेपाली किसानका लाखौंको तरकारी बिक्री हुन नसकेको हो।

लुम्बिनी प्रदेशका विभिन्न जिल्ला र मकवानपुर, चितवनसम्मका किसानले बिक्रीका लागि रुपन्देही ल्याएका फुलगोभी, लौका, काँक्रा, केराउ, गोलभेंडा, मुलालगायतका २० लाख बढीको तरकारी बिक्री हुन नसकी कुहिएर फाल्नु परेको व्यवसायी रीता केसीले गुनासो गरिन्।

बुटवलको थोक बजारको टेण्डर नखुल्दा त्यहाँ किसानका लागि छुट्टाइएका सटरमा राखेर तरकारी बेच्न नपाउँदा लाखौंको तरकारी डम्पिङ साइटमा लगेर फाल्नुपरेको उनको भनाइ छ।

किसानका तरकारी बुटवल र तिलोत्तमाका हाटबजारमा राखेर बेच्न समेत थोक बजारमा बसेका व्यवसायीले अवरोध गर्दा नेपाली किसानका उत्पादन बिक्री हुन नसकेको केसीले बताइन्।

बुटवलको थोक बजारमा भारतीय तरकारीको बाहुल्य रहेको कारण पनि त्यहाँका व्यवसायीले नेपाली किसानका तरकारी विक्रिमा अवरोध पुट्ट्याएको केसीको दाबी छ।

फुटपाथ व्यवस्थापनका नाममा व्यवसायीमाथि निर्मम हुने बुटवल उप-महानगरका प्रमुख-उपप्रमुख र कर्मचारीहरु थोक बजारको टेण्डर खोल्न अदालतले आदेश दिँदा समेत कुन स्वार्थमा अदालतको आदेश अटेर गरेका हुन् भन्ने केसीले प्रश्न गरिन्।

अर्का तरकारी व्यवसायी नेत्र बस्यालले भारतबाट आयत हुने तरकारीमा कडाइ नगर्दा पनि नेपाली किसान मारमा परेको गुनासो गरे।

नेपाल किसान महासंघ रुपन्देहीका अध्यक्ष राजन पाण्डे क्षेत्रीले बुटवलको कृषि उपज थोक बजारको टेण्डर नखोल्दाको नतिजा नेपाली किसानका तरकारी बिक्री हुन नसकेको बताए।

अर्का किसान साजन भारीले अदालतको आदेशअनुसार टेण्डर खोल्न माग गर्दै बुटवल उप-महानगरमा ज्ञापनपत्र बुझाउँदा नगरप्रमुख खेलराज पाण्डेयले आफूहरु मातहत नरहेको भन्दै गैर जिम्मेवार जवाफ दिएको गुनासो गरे।

अदालतको आदेश अटेर गरी टेण्डर नखुलेपछि किसान आबद्ध विभिन्न संघसंस्थाले तत्काल टेन्डर खुलाउन गत मंसिर पहिलो हप्ता नै माग गरेका थिए। सर्वोच्च अदालतले टेन्डर खोल्नुपर्ने पक्षमा फैसला गरिसकेको र फैसलाको पूर्णपाठ समेत आइसकेकाले आलटाल गर्नुको पछाडि ठूलो आर्थिक चलखेलको आशंका व्यवसायीले गरेका छन्। १५ वर्षदेखि सटरमा बसेका केही व्यवसायीलाई नै विना टेन्डर सटर दिनेगरी चलखेल गरेको आशंका उत्पन्न भएकाले यसबारे छानबिन हुनुपर्ने उनीहरुको माग छ।

टेन्डर नखोल्दा राज्यको सम्पत्तिमा हानि-नोक्सानी भएको र कानुनी प्रक्रिया पूरा गरेर टेन्डरमा सहभागी भएका व्यवसायीको व्यवसाय गर्न पाउने नैसर्गिक अधिकार हनन् भएको उनीहरूको तर्क छ।

अखिल नेपाल किसान महासंघका केन्द्रीय सदस्य रिसभ पोखरेलले रोकिएको टेन्डर छिट्टै खोल्न कृषि विभाग, बुटवल उपमहानगर र कृषि बजार व्यवस्थापन समितिको ध्यानाकर्षण गराए।

» बाँकी ३ पेजमा




दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८३ बैशाख १२ गते, शनिबार

तपाईंका लागि...

**बिट्‌विन द लाइन्स्...**

मेरो माया मफलर भए
बाँधिहिँड्थे गलामा,
कैल्ये काहीं त मन नहुँदा
टाँगिहिँड्थे किलामा।
– बैरागी काइँला

# दुई साहित्यिक पत्रहरू

(कथाकार वनमाली निराकारले २०२६ सालतिर विभिन्न साहित्यकारहरूसँग साहित्यका विविध विषयमा पत्राचार गर्नुभएको थियो। ती पत्रहरूको संकलन गरि निराकारले 'पत्र सञ्चयन' पुस्तक पनि प्रकाशन गरेका छन्। हाल बजारमा न्युन उपलब्ध रहेको उक्त पुस्तकबाट बालकृष्ण सम र भैरव अर्यालको पत्र यहाँ साभार गरिएको छ।)

## समको पत्र...

प्रिय वनमाली 'निराकार'ज्यू

तपाईको अगिल्लो पत्रको उत्तर मैले दिन भियाएको थिइनँ, फेरि अर्को पत्र आयो, त्यसैले समय निकाली यति लेखेको छु। मेरो यस्तो विचार छः अरू देशको देखासिकी गरी हाम्रो पनि यहाँ साहित्यिक काल विभाजन गर्ने रहर देखिन आएको छ। उता अरू देशमा शताब्दी शताब्दी लगाएर त्यस्तो गर्दछन्, तर हाम्रो चाहिं १५/२० वर्ष लगाएर काल विभाजन गरिदिन्छन्, त्यसो गर्दा आफूले मार खानु परेको कुरा पनि तपाई समक्ष राख्तछु। म आफ्नै कुरा लिन्छु बालकृष्णलाई १५/१५ वर्ष लगाएर काटिदिंदा म अहिले चार टुक्रा भएर काटिएको छु। भानुभक्त युग भन्ने कुरा त मिल्दछ, त्यो सय वर्ष अगिको कुरा हो, तरलेखनाथपछिदेखि त अहिले सम्म अझ बीसवर्षपछि सम्म नै लेखनाथ युग अथवा आधुनिक युग भन्नु पर्दछ। हामी सब अहिले सँगसँगै लेख्तैछौं। मैले कति ओटा नाटक लेखिसकेपछि लेखनाथले 'लक्ष्मी पूजा' लेखे फेरि विजयबहादुर मल्ल र गोपालप्रसाद रिमालले नाटकहरू लेखिसकेपछि भीमनिधि तिवारी नाटक लेख्तैछन, म पनि लेख्तैछु, यहाँ बूढा र तरुना र अधबैसेको प्रश्न उठ्तैन सब एकै समयका हौं, सब लेखिरहेछौं, अझ लेखिरहनेछौ। हाम्रो मृत्युपछि अझ यो लेखनाथको युग सिद्धिएपछि यी हाम्रा कृतिहरूको मूल्यांकन हुनु युक्तिसंगत हुन्छ। हामी लेखनाथका समकालीन हौं, तसर्थ यस युगमा मैले शम्भुप्रसादका केही नाटक तथा लेखनाथका केही नाटक अगि पढ़ें, ती प्रायः अनुवाद जस्तै थिए जस्तो-शकुन्तला, रत्नावलि, भर्तृहरि आदि। मैले पश्चिमी नाटक मुख्यतः शेक्सपियरका ब्लैकभर्स हेरी नेपाली रूप अनुष्टुप छन्दमा सर्वप्रथम 'मुटुको व्यथा' आदि नाटक लेखें, मलाई शम्भुप्रसाद लेखनाथ आदिले जस दिए, लक्ष्मीप्रसाद देवकोटाले त्यही शैलीमा 'सावित्री सत्यवान' लेखे, परन्तु उनले पनि नाटक मेरै जिम्मा लगाइदिए, त्यहाँपछि भीमनिधिले सर्वसाधारणको निम्ति सरल भाषामा केही नाटक स्वाभाविकताको निम्ति लेखे, अनि गोपालप्रसाद रिमालले इब्सेनको ढाँचाले 'मसान' लेखे, अनि स्वाभाविक गद्य भाषामा नाटक लेखिन थालेको देखेर मैले पनि 'म' आदि लेखें। फेरि धेरैले 'प्रल्हाद' लाई सर्वश्रेष्ठ नेपाली नाटक भन्दा भन्दै नाटकमा स्वाभाविक भाषा भएको 'मसान' हो भन्न लागेको देखि नाटकमा स्वाभाविकता आउन कथानक विषयवस्तु भाषा भाव इत्यादि सबैमा उही स्वभाविकताको रूप हुनु पर्दछ साथ साथै आफ्नो समाजको आत्मा स्पष्ट देखिनुपर्छ भन्ने भावनाहरूको अनुरूप मैले 'प्रेमपिण्ड' 'तलमाथि' र 'अमित वासना' हरू लेखें। विजय बहादुर मल्ल पनि नाटकहरू लेख्तैछन्। अझ यो शताब्दी बित्न बीस वर्ष छ, म अहिले ६७ वर्षको भइसके, अझै बीस वर्ष बाँचेर साहित्य सेवा गर्ने सुर छ। २/४ नाटक अझै लेख्ने विचार छ, म त यसो भन्छ , कालले के भन्छ।

मेरा मित्र, नाटक साहित्य कुन बाटोतिर कसरी लम्किरहेछ भन्ने यस्तो तपाईको प्रश्नमा म त यही उत्तर दिन्छु- नेपाली नाटकले देशका वीरहरूलाई पनि छोयो, राष्ट्रिय विभूतिहरूलाई पनि छोयो-पृथ्वीनारायण शाह, बलभद्र,




अमरसिंह , भीमसेन थापा, भानुभक्त, मोतीराम, आदिलाई पनि छोयो, ज्ञानविज्ञान तथा आधुनिक संसारको निमित्त 'प्रल्हाद'मा, मनोविज्ञान निमित्त 'मुकुन्द इन्दिरा' र 'अमित वासना'मा धेरै व्यक्तिहरूलाई छोइसक्यो, अब मेरो अझ 'मानववाद'को बाटोमा विश्वशान्ति निमित्त लम्किने विचार छ, हात अवश्य वयले गर्दा निर्बल हुँदो छ, परन्तु मनको दृढ विश्वास सबल हुँदै गएको अनुभवले अझै लेख्न मन लाग्दछ, तर कालले के भन्छ!

तपाईंको प्रश्न मैले बुझे बुझिनँ, जो बुझें सोही लेखें, आशा छ उत्तर दिनु होला, अझै प्रश्न छ भने, अझै भन्नुहोस् यथाशक्य आफ्नो भाव अभिव्यक्त गर्ने प्रयत्न गर्नेछु।

अहिलेलाई यत्ति
सदा तपाईंको
बालकृष्ण सम
२०२६–९–६

## भैरव अर्यालको पत्र...

२६ फागुन ०२७
टंगाल, काठमाडौं
प्रिय निराकारज्यू

फेरि तपाईंको चिठी पाएँ। कति पटक लेख्दा पनि जवाफ नदिने कति सडेको मान्छे रहेछ भन्नु होला, सडेकै त होइन दुई चिठी आउन्जेल अडेको चाहिँ हुँ। तपाईको दोस्रो ताकितापछि १० बैशाख २०२५ मा मैले लामै पत्र लेखेथें, तर वनमालीजी, कहिले काही यति खसाल्देन है भन्ने बाबु साहेबी प्रवृत्तिले चिठी अरूको जिम्मा लगाईन्छ, खसाल्नेले कहिले त ठाउँमै खसाल्दिन्छन्, कहिले कुठाउँमा पनि। आखिर, खसाल्नु न हो, हुलाकीले पनि झोलाबाट बाटैमा खसालिदिन सक्छ या बनमालीको चिठी घरमालीको दैलामा खसाल्दिन सक्छ। यस्तै केही भयो होला -तपाईंले पाउनु भएन। आफूले पठाएको पत्र पुग्नै पर्छ भन्ने पक्का नियम अन्त चले पनि , नेपालमा बराबर चल्दैन। नेपाली प्रवृत्ति चाहे व्यक्तिगत होस् चाहे सरकारी नियमको साइलाबाट सकेसम्म उम्कन खोज्छ। जे होस्, लेखको समेत नक्कल नरहने मकहाँ तपाईलाई लेखेको चिठीको नक्कल रहनु पनि एउटा संजोगै हो, जुन नपाएको भए मैले पठाएकै थिएँ भनी मिति समेत किट्न सक्तैन थे कि ? पहिला, म उही हराएको चिठीको नक्कलबाट चार प्याराग्राफ नक्कल बमोजिमको सक्कल दुरुस्त पारी सार्दैछु : "हास्यव्यङ्ग्य -साहित्यबारे आफ्नो अनुभव छोटकरीमा उल्लेख गर्ने आग्रह गर्नु भएको रहेछ। फर्मालिटी त हुन्थ्यो -संझनु भएकोमा धन्यवाद लेखिहालू। तर बनमालीज्यूको यो स्नेहपूर्ण आग्रहलाई त्यसै टार्ने आँट आएन। केही अहोट मान्न बल चाहिन्छ भने केही नमान्न पनि बलै चाहिन्छ। केही नपाएर तानसेनको एक साहित्यानुरागी युवकले (युवकै त हुनुहोला नि होइन ? परिचय नभएको हो वा मैले बिर्सेको हुँ, अनुहार संझिन्न है, नरिसाउनु होला) गरेको अनुरोध नमान्नमा म आफ्नो बल किन खर्च गरूँ ?

नेपाली साहित्यमा हास्यव्यङ्ग्यको खाँचो अनुभव गरेर म त्यस खाँचोको परिपूर्ति गर्ने उद्देश्यले हास्यव्यङ्ग्य लेख्न कसिएको योजनावद्ध लेखक होइन। मान्छे आफूमा एउटा समुद्र लिएर जन्मेको हुन्छ , त्यसमा बराबर छाल आउँछन् , कुन छालले उसलाई कता पट्टि पुयाउँछ -भन्नै सकिन्न। म तपाईले लेखमा पाउनु भएजस्तो ठट्यौलो मान्छे होइन। कविताको अनुराग र अभ्यास गर्दागर्दै कताबाट हास्यव्यङ्ग्य लेख्न पुगें, र कताबाट आज तपाई हास्यव्यङ्ग्य बारे तेरो अनुभव र विचार लेख्न भन्ने अनुरोध गर्न लाग्नु भएको छ -यी सबै सम्झदा हाँसो उठ्छ।

यो पनि एउटा जीवनको विसंगति नै हो, जुन म प्रायः आफ्ना हास्यव्यग्ड्यहरूमा कोट्याउँछ। म जीवन जगत निरपेक्ष साहित्य रुचाउन्न। लेखकभन्दा मित्र मेरो एउटा मान्छे बाँच्छ , एउटा नेपाली नागरिक वाँच्छ , आफ्नो देश, काल र समाजका विकृति, विसंगति र विरोधाभासहरू भोगिरहेको मेरो मान्छेको घचघच्याइ मै मेरो लेखक कलम समाउँछ। म हास्यव्यङ्ग्य लेख्छु। त्यसैले निराकारज्यू हास्यव्यङ्ग्यलाई म आफ्नो देशकालको तस्वीर पनि मान्छु र त्यस तस्वीरका टाटापाटा पुछपाछ पार्ने बुस पनि।

मेरो हास्यव्यङ्ग्यको पहिलो स्कूल 'हालखबर' नामक दैनिक पत्रिका हो तपाईले 'हालखबर' पढ्न पाउनु भएको छ कि छैन कुन्नि , त्यसमा एउटा विशेष स्तम्भ थियो- 'हाँस्नु हुन्छ भने'-त्यसैमा छापिएका १/२ वटा हास्यव्यङ्ग्य देखेपछि मैले पनि दुईचार टुका तत्कालीन राजनीतिक गतिविधिको परिप्रेक्ष्यमा लेखी पठाएथें , ती सधन्यवाद छापिएका मात्र होइनन्,-म हालखबर मै पसें। ३/४ वर्ष त्यही बसे। दाताराम शर्मा तिनताक हालखबरको सम्पादक हुनुहुन्थ्यो र 'हाँस्नुहुन्छ भने' स्तम्भमा राम्रा हास्यव्यङ्ग्य लेख्नु हुन्थ्यो-मलाई यतातिर लोभ्याउन घच्घच्याउन उहाँको ठूलो हात छ।"

हराएको चिठीका उक्त चार प्याराग्राफले तपाईले जिज्ञासा राखी पठाउनु भएका कुरामा धेरैथोर प्रकाश देलान् कि भनेर यहाँ उद्धरण गरेको हुँ। हास्यव्यङ्ग्यको औचित्य र महत्वबारे म यहाँ विशेष भट्याउन चाहन्न। हामीसित प्रतिभा भए र साधना गर्न सके हास्यव्यङ्ग्य पनि साहित्यको एउटा उत्कृष्ट विधा भएर जीवन जगत् मुखरित गर्न सक्छ, नभए नौटङ्की र गाइजात्रेको उपाधि लिएर अपहेलित हुन पनि बेर मान्दैन।

'हालखबर' लगायत (अहिले बन्द छ) दैनिक पत्रपत्रिकामा लेखिएका अत्यन्त सामयिक टुक्राटाक्रीहरू छाडि दिनोस्। निबन्धमा 'हाँसोका जातथर' यस किसिमको मेरो पहिलो निबन्ध हो र यस्ता निबन्धतिर घचघच्याउने 'रूपरेखा' र 'रचना' हुन्।

आफ्नै रहरले, या साथीभाइका करले लेखिएका यस्तै केही हास्यव्यङ्ग्यात्मक निबन्धहरू 'काउकुती' 'जय भुँडी' र 'गलबन्दी' गरी तीन संग्रहमा प्रकाशित छन्। यसपछिको अर्को एउटा संकलन पनि ३/४ महिनाभित्र निस्कला कि। आफ्नै रहरले लेखिएकाहरू अरूलाई राम्रा नलागे पनि म आफूलाई निकै सन्तोष दिन्छन्, करले लेखिएकाहरूमा कुनै साहै फितला पनि छन -समालोचना वा समास्वादन गर्ने काम तपाई के।

यहाँनेर यति हुलिया भट्याउनुको मतलब के भने -बलात्कार हँसाउने नियत लिएर म लेख्दिन। कसैको चित्तको भित्री ओंठमात्र अलिकति मुस्कुराइदिए पनि हुन्छ पेटको लाम्टा दुख्ने गरी हाँस्नु पर्दैन। लाम्टा दुखाउने हास्य हास्य भएपनि साहित्यको सुकोमलता लिएर उबन मुस्किलै पर्छ।

प्रिय वनमालीजी,

एउटा मेरो विशेष अनुभव के छ भने जीवन जगत्का सचेष्टता, युग र अवस्था प्रतिका सचेतता र देश र दायित्वका बोधहरू जति जति बढ्दै जान्छन् , हास्यव्यङ्ग्यमा हास्यको मात्रा पातलिदै व्यङ्गय बाक्लो हुन जान्छ। हास्य भन्दा व्यंग्य चर्को भयो भन्ने गुनासो म बराबर सुन्छ, परिणामतः म व्यङ्गयात्मक निबन्धमात्र लेखुँला कि ? या, छोडिदिनै पनि बेर छैन। हास्यव्यंग्य मात्रै साहित्यिक विधा होइन , म यही लेख्छु भन्ने संकल्प पनि गरेको छैन मैले। सोध्नु भयो , लेख्न पाएँ धन्यवाद।

आलोचकका अर्ति-उपदेश भन्दा आस्वादक -पाठकका प्रतिक्रियाहरू विशुद्ध, निष्पक्ष र पूर्वाग्रह रहित हुन्छन् भन्ने मलाई लाग्छ। बराबर सुझाव दिनु होला, -निराकारजी। अहिले विदा लिउँ है त।

नमस्ते।

किताब

# कामुको 'आउटसाइडर': संघारको कथा

शंकर भण्डारी

उनी थिए– अल्बर्ट कामु। जो दोस्रो विश्वयुद्धको समयमा युरोपमा चिन्तनमग्न थिए। फ्रान्स उपनिवेशित अल्जेरियामा जन्मेका कामुको सिंगो जीवन विसंगतिले भरिपुर्ण छ। उनले अनेक पेशा अपनाए। अनेक सम्मान पाए। नोबल पुरस्कारबाट पुरस्कृत पनि भए अनि कैयौं पटक तिरस्कृत पनि भए। पारिवारिक र वैवाहिक जीवनमा पटक पटक असफल पनि भए तर निराश भएनन्।

'सिसिफस' कामुको प्रिय पात्र हो। सिसिफल ग्रिक माइथोलिजिमा वर्णित पात्र हो। जो भगवान्‌बाट श्रापित हुन्छ। श्राप हो– उसले ठूलो ढुंगा गुडाउँदै गुडाउँदै पहाडको टुप्पोमा पुऱ्याउनु छ। तर हरेक पटक पहाडको टुप्पोमा पुग्ने बेलामा ढुंगा खस्छ र पुनः फेदबाट गुडाउँदै लैजानुपर्छ। होइन भने उ मारिन्छ। मारिने र ढुंगा पहाडको टुप्पोमा पुऱ्याउने मध्ये कुनै एक नरोजेर आत्मसमर्पण गर्ने हो भने सिसिफसको जिन्दगी नियतिको हातमा पुग्छ। कामु यहीं सिसिफसको व्याख्या गर्छन्। तर, उनको व्याख्या अलि फरक छ।

उनको आँखामा सिसिफस खतरनाक विद्रोही हो।

किनभने, कामुको आँखामा विद्रोही हुनुको लागि केही योग्यता चाहिन्छ।

१) विद्रोहीले परम्परालाई इन्कार गर्छ।

२) विद्रोही समस्याबाट भागेर आत्मसमर्पण गर्दैन।

३) खासमा विद्रोहीले थोपरिएको परिस्थिति अनुकुल आफुलाई ढाल्छ र त्यसैलाई अर्थ दिन्छ।

प्रायः मान्छे बाँचिरहेको परिस्थितिप्रति गुनासो गर्छन्। तर बदल्ने आँट गर्दैनन्। स्वीकार्ने आँट पनि गर्दैनन्। केवल गुनासो गर्छन्। आम मान्छे गुनासो गर्छ। मात्र गुनासो। फेरि पनि गुनासो। तर विद्रोही बदल्न नसकेको परिस्थितिअनुकुल आफूलाई ढाल्छ। त्यो परिस्थिति आफूमाथि लादिएको भन्दा पनि उसैले स्वीकार गरेको व्याख्या गर्छ। अर्थहिन जीवनलाई अर्थयुक्त बनाउँछ। झट्ट हेर्दा, कामुको यो स्वीकारोक्तिको व्याख्या यथास्थितिवादी देखिन्छ। मान्छे परिस्थिति बदल्न नसकेपछि त्यसैलाई झेलेर बाँच्छ। तर, कामुले जस्ताको तस्तै यथास्थितिलाई स्वीकार्नेलाई विद्रोही भनेको छैनन्। विद्रोही हुनको लागि झलिरहेको परिस्थितिलाई केही निश्चित अर्थ प्रदान गर्नैपर्छ। सिसिफलको सामु केही विकल्प थिए।

ऊ गरिरहेको कामप्रति निराशा व्यक्त गरेर भगवान्‌सँग माफी माग्न सक्थ्यो।

ऊ ढुंगा धकेल्ने कामलाई अर्थहिन सम्झेर काम छोड्न सक्थ्यो।

खासमा भगवान् त्यहीं नै चाहन्थ्यो। भगवान् चाहन्थ्यो कि सिसिफस हरेश खाएर आत्मसमर्पण गरोस्। तर, सिसिफसले थोपरिएको श्रापलाई बोझको रूपमा लिएन। उसले त्यो परिस्थितिप्रति गुनासो गरेन। बरु उसले त्यसैलाई जीवनको रूपमा स्वीकार गऱ्यो। त्यसैलाई अर्थप्रदान गऱ्यो। त्यसैले कामुको परिभाषामा सिसिफस विद्रोही हो। यहीं नै कामुको विशिष्टता हो। कामु व्यक्तिगत चाहनालाई बढी जोड दिन्छन्। कसले के भन्छ वा कुनै शक्तिले के परिभाषा दिन्छ उनको मतलबको बिषय होइन। उनी परिस्थितिलाई आफै अर्थ दिन्छन्। यहीं नै कामुको विद्रोहीको गुण हो।

**'आउटसाइडर': एक चर्चा**

कामु निकै कम पात्रहरूमा खेल्छन्। अर्नेष्ट हेमिंग्वेजस्तै कामु पनि निकै कम पात्रहरूको मद्दतले गहन विचार स्थापित गर्छन्। कामुको लागि दर्शन उपन्यासमार्फत् व्यक्त गरिनुपर्छ। उपन्यासमा लेखकले दृश्य र पात्रहरूको माध्यमबाट दर्शन प्रदर्शन गर्न सक्नुपर्छ। 'आउटसाइडर' कामुको विसंगतवादलाई चित्रण गर्ने कृति हो।

'आउटसाइडर'को मुख्य पात्र हो– मार्सल्ट।

मार्सल्ट एउटा कम्पनीमा साधारण जागिर गर्छ। उसको आमा वृद्धाश्रममा हुन्छिन्। उनको मृत्युको खबर आउँछ। तर, मार्सल्टमा कुनै शोक देखापर्दैन। उसले अफिसमा बिदा लिन्छ। उसमा शोक नदेखिंदा मालिक पनि अचम्म पर्छ। ऊ वृद्धाश्रम जान्छ। त्यहाँ पनि उसको गतिविधी केवल औपचारिक हुन्छ। उ मृत्युसंस्कारका सम्पूर्ण काममा सहभागी हुन्छ। तर, मृत आमाको अनुहार हेर्ने पनि उसलाई चाहना हुन्न। बरु उ सबै काम छिटो सकियोस् भन्ने हतारमा हुन्छ। आमाको चिहान अगाडि कफि र चुरोट खाँदै बस्छ। आमाको मृत्युसंस्कारको अर्को दिन गर्लफ्रेन्डलाई भेट्छ। गर्लफ्रेन्ड पनि उसमा कुनै शोक नदेख्दा छक्क पर्छे। गर्लफ्रेन्डसँग बिचमा घुम्न जान्छ। कमेडी फिल्म हेर्छ। मार्सल्टलाई उसको मालिकले प्रमोसन गरिदिन्छ र पेरिस जाने अवसर दिन्छ। तर उसले भन्छ– मलाई यसले केही फरक पर्दैन।

उपन्यासको मुख्य केन्द्रीय कथा हत्या हो। मार्सल्ट एउटा साथी रेमण्डको बिचमा केही अरबी केटाहरूसँग झगडा हुन्छ। झगडा सकिसकेपछि मार्सल्ट निस्कन्छ। अलिपर उसले ती अरबी केटाहरूमध्ये एकजनालाई देख्छ। त्यो केटाले पनि मार्सल्टलाई देख्छ। अचानक मार्सल्टले पेस्तोल निकाल्छ र गोली हानिदिन्छ।

मार्सल्ट पक्राउ पर्छ। अदालत लगिन्छ। तर, उसले जुनसुकै प्रश्नको उत्तरमा पनि मलाई थाहा छैन मात्र भन्छ। उसको साथी, मालिक सबैसँग बयान लिइन्छ। सबैको भनाई हुन्छ– यससँग संवेदनाको अभाव छ। यो आमा मर्दा पनि दुःखी नहुने मान्छे हो। यसको सबैभन्दा अचम्म लाग्दो पक्ष यहीं हो।

मार्सल्टलाई भने अदालती प्रक्रियाबारे कुनै चिन्तित हुँदैन। प्रेमिकाले भेट्न आउँछे तर उसलाई कुनै वास्ता गर्दैन। अन्ततः मार्सल्टलाई ज्यान सजाय सुनाइन्छ। मार्सल्ट फैसलाबाट पनि दुःखी हुँदैन। उसलाई केही फरक पर्दैन। उसले भन्छ– 'मर्नु त छँदैछ। कोही छिटो र कोही ढिलो न हो।'

मार्सल्टलाई पादरी भेट्न आउँछ। पादरीले ईश्वरको सम्झना गर्न भन्छ ताकि उसको मृत्यु सरल होस्। तर, मार्सल्टले इन्कार गर्छ।

मार्सल्टले मृत्युलाई स्वीकार गर्छ। तर, त्यो कुनै सजायको रूपमा होइन। स्वाभाविकता वा शास्वस्ताको रूपमा। उसले न त मानव निर्मित अदालत न त ईश्वरद्वारा शासितको रूपमा मृत्युलाई स्वीकार्छ। हो, यहींनेर हामीले मार्सल्टलाई सिसिफसको निरन्तरताको रूपमा देख्छौं।

कामुले मार्सल्टलाई सिसिफस जस्तै विद्रोहीको रूपमा चित्रण गरेका छन्। मार्सल्टमा कामुको परिभाषाको विद्रोही हुने सबै गुणहरू छन्।

१) मार्सल्ट कुनै पनि संवेदनाले ग्रसित छैन। न त उसमा आमा मर्नुको शोक छ। न त प्रेमिकासँगको रमाइलोको उच्चतम चाहना। यसले प्रेमिकाको विवाहको प्रस्तावलाई सँधै इन्कार गर्छ।

२) उसले गरेका कामहरूको खासै अर्थ छैन। उसले हत्या गर्छ त्यसको कुनै कारण छैन। तर, उसले ती अर्थहिन काममा नै जीवनको अर्थ खोज्ने प्रयत्न गर्छ। विसंगतिलाई नै यथार्थको रूपमा स्वीकार्छ।

३) मार्सल्ट कुनै पनि शक्तिको अस्तित्वको इन्कार गर्छ। अदालतले दिएको ज्यान सजायलाई उसले आफुमाथि थोपरिएको हत्याको रूपमा स्वीकार्दैन। त्यो परिस्थितिबाट न त भाग्ने कोशिस गर्छ न त परिस्थिति फेर्ने कोशिस। बरु ऊ, परिस्थितिलाई फरक ढंगले व्याख्या गर्छ र आत्मसात गर्छ। यहीं नै कामुको विद्रोही हुने मुख्य गुण हो। त्यो गुण मार्सल्टमा भरमग्दुर हुन्छ।

४) नित्सेले भनेको थिए– ईश्वरको मृत्यु भयो।

ईश्वरको मृत्यु सबै अस्तित्ववादी दार्शनिक र लेखकको आत्मा हो। खासमा, अस्तित्ववाद ईश्वरको अन्त्यको घोषणासँगै प्रार्दुभाव भएको हो।

'आउटसाइडर'मा मार्सल्ट पादरीले थोपर्न खोजेको ईश्वरको सत्ताको विरोध गर्छ। जसरी सिसिफसले ईश्वरले दिएको श्रापबाट आजित बन्न पर्ने बाध्यतालाई इन्कार गरेको थियो।

सजाय दिनेहरूको सजायलाई नै आत्मसात गरेर सजायकर्तालाई आजित गराउनु नै कामुको विद्रोहीहरूको मुख्य गुण हो। कामुको विद्रोही सजायबाट भाग्दैन न त सजायसँग भयभित हुन्छ। हरेक सजायकर्ताको चाहना हुन्छ, विद्रोही सजायसँग भयभित होस्। तर, सजायलाई आत्मसात गर्ने, सजायलाई इन्जोय गर्ने नै कामुका विद्रोहीहरूको गुण हो। चाहे त्यो सिसिफल होस् वा मार्सल्ट।

**'आउटसाइडर' अर्थात् संघारको मान्छे**

अब एकछित 'आउटसाइडर' शब्दबारे चर्चा गरौं। खासमा यो उपन्यासलाई अमेरिकन इंग्लीशमा स्ट्रेन्जर नामबाट पनि अनुवाद गरिएको छ। तर, 'आउटसाइडर' शब्दले जस्तो भाव स्ट्रेन्जरले बोक्दैन। 'आउटसाइडर' संघारमा उभिएको मान्छे हो। जो न भित्र छ न बाहिर। संघारमा उभिएको मान्छेले घरभित्रका क्रियाकलापमा कुनै भूमिका खेल्दैन तर अवलोकन गर्छ। त्यसैले उसलाई घरभित्रका परिवर्तनले कुनै असर गर्दैन। उसको लागि घर भित्रको दृश्य फिल्म हेरे जस्तो हो। ऊ सहभागी हुन्छ तर प्रभावित हुँदैन।

मार्सल्ट 'आउटसाइडर' हो। ऊ यो दुनियाँको संघारमा छ। त्यसैले ऊ दुनियाँको गतिविधिमा सहभागी हुन्छ तर प्रभावित हुँदैन। आमा मर्छे। आमाको अन्तिम संस्कारमा सहभागी हुन्छ। तर शोकाकुल हुँदैन। प्रेमिका हुन्छे। घुम्न जान्छ। रात बिताउँछ। तर, विवाह बन्धनमा बाँधिदैन। जेलपरेर उसलाई गुमाउनुको पीडा पनि बोध गर्दैन। अञ्जान मान्छेलाई अकारण हत्या गर्छ। कुनै पश्चाताम हुँदैन।

ज्यानसजाय पाउँछ। तर, त्यसबाट भयभित हुँदैन।

यी सबै घटना र दृश्यले मार्सल्टलाई यो सिंगो संसारको 'आउटसाइडर' बनाएको छ। कामु आफै पनि यस्तै 'आउटसाइडर' जीवन बिताएका थिए। उनको सिंगो जीवन दर्शन सिसिफस, रिबेल र मार्सेल्टमा झल्केको छ। कामुको 'आउटसाइडर' सांसारिक होइन। तर संसारबाहिर पनि छैन।

दैनिक लुम्बिनी

रु.जि.हु.द.नं.१३/०६३/०६४

कथा

# कोसीका घटवार (कोसीको घट्टवाल)

मूल- शेखर जोशी

*अनुवाद- जंगबहादुर शाह*

(३० सेप्टेम्बर १९३२मा अल्मोरामा जन्मिएका शेखर जोशी उत्तराखण्डका जनता, संस्कृति, परम्परा र जीवनशैलीका जानकार मानिन्छन्। 'दाज्यु', 'कोसीका घटवार', 'बच्चेका सपना' उनका उल्लेखनीय रचनाहरू हुन्।)

घट्टको सोलीमा अझै एक चौथाइभन्दा धेरै गहुँ बचेको थियो। सोलीमा हात हालेर उसले बेफ्वाँकमा उलटपुलट गऱ्यो र जाँतोका पाटका वृत्तमा फैलिएको पीठोलाई सोहोरेर एक ठाउँमा थुपारिदियो। बाहिर जाँदाजाँदै उसले एकपटक फेरि सोलीमा चियाएर हेऱ्यो ताकि यति बेरमा अरू कति पिसाइ भयो होला भन्ने थाहा होस्। तर, तल्तिरको मात्रामा कुनै विशेष फरक परेको थिएन। 'खस्स-खस्स'को आवाज गर्दै अत्यन्त सुस्त गतिले माथिको पाटघुम्दै थियो। घट्टको प्रवेशद्वार निकै होचो थियो। त्यसकारण ऊ निकै निहुरेर बाहिर निस्कियो। कपाल र पाखुरामा हल्का सेतो पत्र जमेको थियो।

खम्बाको सहारा लिएर ऊ बडबडायो-

"जा स्साला! बिहानदेखि अहिलेसम्म दस पसेरी (१०४५ सेर) पनि भएको छैन। घाम कहाँबाट कहाँ पुगिसक्यो! कस्तो अचम्म!"

कुरा त अचम्मकै छ। जेठ सकिँदै छ। आकाशमा कतै बादलको नाम-निशान छैन। पोहोर-परार त यति बेलासम्म धानको रोपाइँ सिद्धिन्थ्यो। तर, असौं खोला-नाला सबै सुकेका छन्। खेतमा पानी पटाउने कुरा त कहाँ हो कहाँ, ब्याड पनि सुकिरहेका छन्। साना नाला-कुला-किनारका घट्ट महीनौंदेखि ठप्प छन्। कोसीको किनारमा छ, गुसाईंको घट्ट। तर, यसको रफ्तार पनि माल ढुवानी गर्ने घोडाभन्दा तेज छैन।

जाँतौका तल्तिर - 'छिच्छर-छिच्छर'को आवाजसाथ पानीलाई काट्दै मधानी चलिरहेको थियो। कति कम आवाज! हुनेखाने गाई-भैंसी पालकहरूको घरमा दहीको मधानीले योभन्दा धेरै शोर गर्दछ। यस्तै मधानीको शोरमा मान्छेले आफ्नै आवाज सुन्न सक्दैनथ्यो। अब त नदी पार बोलिएको कुरा पनि यहाँ सुनिन्छन्।

छप्प-छप्प-छप्प...पुरानो फौजी पाइण्टलाई घूँडासम्म मोडेर गुसाईं कुलोमा हिँड्न थाल्यो ताकि कतै पानी चुहिएको भए त्यो थुन्न सकियोस्। एक थोपा पनि खेर नजाओस्। थोपा-थोपाको मोल छ अचेल त। ऊ लगभग आधा फर्लाङ् (Furlong . @@ uh) हिँडेर बाँधमा पुग्यो। नदीको पूरा पाटलाई घेरेर पानीको बहाव घट्टेकुलोतिर मोडिएको थियो। किनारका घाँस-माटोको सहायताले उसले बाँधका एक-दुई ठाउँका निकास थुनिदियो र कुलोका किनारै-किनार हिँडेर घट्टमा आइपुग्यो।

भित्र गएर उसले फेरि पाटका वृत्तमा फैलिएको पीठोलाई बढारेर थुप्रोमा मिसाइदियो। सोलीमा अझै अलिकति गहुँ बचेको थियो। ऊ उठेर बाहिर गयो।

टाढा, बाटोमा एकजना टाउकोमा पिसान बोकेर ऊतिरै आइरहेको थियो। गुसाईं उसको सुविधालाई ध्यानमा राखेर त्यहींबाट करायो–

"सुन-सुन! यहाँ निकैबेरमा पालो आउला। दुई दिनको पिसान अझै बाँकी छन्। माथि उमेदसिंहको घट्टतिर गई हेरौं।"

त्यो व्यक्तिले फर्कनुभन्दा पहिले एकपटक फेरि प्रयास गऱ्यो। निकै चर्को स्वरमा पुकार्दै उसले भन्यो - "जरुरी छ ज्यू! मेरो नम्बर पहिले लगाइदिन्नौ ?"

गुसाईं ओठभित्रै मुस्कुरायो, स्साला कति कराउँछ, घट्टको आवाजले मैले सुन्न सक्दिनँ कि भन्ठानेर हो कि! अलि कम चर्को आवाजमा त्यसले हात हल्लाउँदै भन्यो- "यहाँ त जरुरीको बाउ राखिएको छ ज्यू! तपाईं मास्तिर लाग्नुहोस्।"

त्यो मान्छे फर्कियो।

देवदारको छायामा बसेर गुसाईंले बलिरहेको मूढोलाई खोतलेर चिलिम सल्कायो र हुक्का गुडगुडाउन थाल्यो।

जाँताको पाट 'खस्सर-खस्सर' गर्दै चलिरहेको थियो। सोलीबाट दाना खसाल्ने चिडिया (यन्त्र) किट्-किट्-किट्-किट्' गर्दै पाटसँग ठोक्किँदै थियो। छिच्छर-छिच्छरको आवाजसाथ मधानीले पानीलाई काटिरहेको थियो। अरू कतै कुनै आवाज थिएन। कोसीको बहावमा पनि कुनै ध्वनि थिएन। बालुवाका राशिका बीचमा छितरिएका ढुंगाहरू, शिर ठड्याएर आकाशतिर हेरिरहेका थिए। दोपहर ढलिसक्दा पनि यति कडा धूप कि चरा पनि कतै बोल्दैनन्। कुनै प्रकारको प्रिय-अप्रिय स्वर सुनिँदैन।

सुकेको नदी-किनारमा बसेको गुसाईंले सोच्न थाल्यो, मैले किन त्यो व्यक्तिलाई फर्काइदिएँ। घट्टभित्र रहेको त्यत्रो पिसान देखेर त्यो आफैँ फर्की जान्थ्यो। दुईचार छिन कुराकानी गर्न पाउने आस त हुन्थ्यो।

गुसाईंलाई कहिलेकाहीं यस्तो एक्लोपनले धेरै दुःख दिन्थ्यो। सुख्खा नदी किनारको त्यो एक्लोपन, होइन जिन्दगीभर साथ दिनका लागि जुन एक्लोपन त्यसको ढोकामा धर्ना दिएर बसेको छ, त्यहीं। जसलाई आफ्नो भन्न सकियोस् यस्तो कुनै प्राणीको स्वर त्यसका लागि होइन। घरपालुका कुकुर-बिरालोको स्वर पनि होइन। के ठेगान यस्तो मालिकको जसको घरद्वार छैन। स्वास्नी-छोराछोरी छैनन्, खानपिनको ठेगान छैन।

घूँडासम्म उठेको पुरानो फौजी पाइण्टको मोडलाई गुसाईंले खोल्यो। कुलोमा हिँड्दाखेरि अलिकति भाग भिजेको थियो। तर, यस गर्मीमा त्यसलाई भिजेको पाइण्टको शीतलता राम्रो लाग्यो। पाइण्टको खुम्च्याइलाई सोझ्याउँदै गुसाईंले हुक्काको नाललाई मुखमा राख्यो। उसका ओठका बायाँ किनारमा हल्का मुस्कान देखियो। विगतका कुरा या दगर्दै गुसाईंले सोच्न थाल्यो कि यसै पाइण्टका कारण उसले यो एक्लोपन पाएको हो। त्यस्तो कुरा याद गर्न मन लाग्दैन। पुराना, धेरै पुराना कुराहरू त्यसले बिर्सियो, तर हवाल्दार (हवल्दार) साबको पाइण्टको कुरा बिर्सन्न।

यस्तै फौजी पाइण्ट लगाएर हवल्दार धरमसिंह आएको थियो, लाण्ड्रीमा धोइएको, धारिलो क्रीजवाला पाइण्ट। त्यस्तै पाइण्ट लगाउने महत्वाकांक्षाका साथै गुसाईं फौजमा गएको थियो। तर, फौजबाट फर्कंदा पाइण्टका साथसाथै जिन्दगीको एक्लोपन पनि ऊसँगै आयो।

पाइण्टका साथ अरू पनि धेरै स्मृतिहरू सम्बद्ध छन्। त्यसपटकको छुट्टीका कुरा...।

कुन महीना ? हो, बैशाख मै थियो। शिरमा क्रस खुकुरीको क्रेस्टवाला कालो, फिश्तीजस्तो टोपी ढल्काएर फौजी पहिरनमा ऊ पहिलोपटक एनुअल लीव (वार्षिक बिदा) मा घर आउँदा सल्लाघारीको आगोझैं खबर यताउति फैलिएको थियो। आबाल-वृद्ध सबै त्यसलाई भेट्न आएका थिए। काकाको गोठ एकदम भरिएको थियो- टन्न। बिस्ताराको नयाँ, एकदम सफा, जगमग, राता-नीला धर्कावाला दरी आँगनमा ओच्छ्याउनुपरेको थियो मानिसहरूलाई बसाल्नका लागि। खूब याद छ, आँगनको गोबर दरीमा लागेको थियो। मात्र चना-भेली वा हल्दवानी- (ठाउँको नाम हो) को तमाखूको लोभ नै थिएन, हिजोको लजालु गुसाईंलाई यो नयाँ रूपमा हेर्ने कुतूहल पनि थियो। तर, गुसाईंको आँखाले जसलाई त्यो भीडमा खोजिरहेको थिए, ऊ त्यहाँ थिइन।

नालापारिको आफ्नो गाउँबाट, भैंसीका पाडो खोज्ने निहुँले लछ्मा अस्ति नै आएकी थिई। तर, गुसाईंले त्यो दिन ऊसँग भेट गर्न सकेन। गाउँका केटाहरू नै गुसाईंका लागि ठूलो समस्या भएका थिए। बूढा नरसिंह प्रधान तिनताका ठीक नै भन्ने गर्थे कि अचेल गुसाईंलाई देखेर सोबतियाको छोराले पनि आफ्नो फाटेको घेरावाल टोपीलाई ढल्काएर लगाउन थालेको छ। बिरालीको बच्चाझैं केटाहरू दिनरात त्यसको पछाडि लागिरहन्थे चुरोट-बीडी वा गफगाफका लोभमा।

एकदिन बडा मुश्किलले मौका पाएको थियो उसले। टपरीका लागि पात टिप्न लछ्मालाई जंगलतिर जान लागेको देखेर त्यो केटाहरूसँग मृगको शिकार गर्ने बहाना बनाएर स्वंय जंगलतिर लागेको थियो। गाउँको सीमादेखि धेरै टाढा, काफलको बूटामुनि, गुसाईंको घूँडामा शिर राखेर लेटी-लेटी लछ्मा काफल खाँदै थिई। पाकेका, पुष्ट, एकदम राता-राता काफल। ख्याल-ख्यालका काफल खोसाखोस गर्दा गुसाईंले लछ्माका मुठी थिचिदिएको थियो। टप्-टप् गर्दै काफलको गाढा रँग त्यसको पाइण्टमा खसेको थियो। तब लछ्माले भनेकी थिई-

"यसलाई यतै छाडिदिनू। यसबाट लामो बाहुलाको कुर्ती बनाउन सकिएला।"

त्यति भनेर ऊ आफ्नो कुराउपर आफै हाँसेकी थिई खित्का छाडेर।

पुराना कुरा - के भनेको थियो गुसाईंले! याद आइरहेको छैन...तेरा लागि मखमलको चोलो ल्याइदिनेछु मेरी प्यारी...अथवा यस्तै कुरा।

तर, लछ्मालाई मखमली चोलो कसले पहिराएको होला! डाँडापारिको रमुवाले जो नरसिंगा-निसानका साथ ऊसँग बिहे गर्ने आएको थियो।

"जसका अगाडि-पछाडि दाजुभाइ, दिदीबहिनी छैनन्, मातापिता छैनन्, परदेशमा बन्दुकको टुप्पोमा ज्यान राख्ने मानिसलाई हामीले छोरी कसरी दिन्थ्यौं ?", लछ्माको बाउले भनेको थियो।

उसको मन छाम्नका लागि गुसाईंले घुमाउरो पाराले कुरा चलाउन लगाएको थियो। त्यसै वर्ष मङ्सीरको एक चीसो उदास साँझमा गुसाईंको यूनिटको सिपाही किशनसिंहले क्वार्टरमास्टर स्टोर-अगाडि उभिएर ऊसँग भनेको थियो-

"हाम्रो गाउँका रामलालले हठ गरेकोले नै छुट्टी बढाउन परेको थियो। यस वर्ष उसको बिहे हुनेवाला थियो। एकदम असल आइमाई पाएको छु यार! एकदमै राम्री-पटाका। हँसमुख। तिमीले त देखेकै होउला। तिम्रो गाउँ- नजिककै हो। लछ्मा- लछ्मा यस्तै केही नाम भएकी।

गुसाईंलाई याद रहेन कि कुन बहाना बनाएर किशनसिंहबाट टाढिएको थियो। त्यो दिन रम-डे (पल्टनमा सिपाहीदेखि हवल्दारसम्मलाई तोकिएको दिनमा, निश्चित मात्रामा रम दिइन्छ पेमेन्टमा) थियो। सधैँ आधा पेग (३० मिलिमिटर) तान्ने गुसाईंको पेशी भएको थियो मलेरिया प्रीकाशन नलिएको अपराधमा। सोच्दा-सोच्दै गुसाईं बुदबुदायो-

"स्साला एड्जुटेण्ट (Adjutant, Commanding Officer का सहायक कप्तान)!"

गुसाईंले सोच्न थाल्यो, त्यो वर्ष छुट्टी सकेर पल्टिनतिर लाग्नुभन्दा एकदिन पहिले त्यो मौका छोपेर लछ्मासँग भेट गरेको थियो उसले।

"गंगानाथज्यूको किरिया, तिमीले जे भन्छौ त्यही गरुँला।", आँखामा आँसु भनेर उसले भनेकी थिई।

वर्षौंदेखि ऊ सोच्दै आइरहेको थियो कहिले लछ्मासँग भेट भयो भने त्यसले अवश्य भन्नेछ कि गंगानाथलको पूजा गराएर प्रायश्चित अवश्य गरोस्। देवी-देवताको झुट्टा कसम खाएर तिनीहरूलाई नाराज गरेर के फाइदा! जसमाथि पनि गंगानाथको कोप भयो त्यो कहिल्यै सुखी भएन। तर, लछ्मासँग कहिले भेट हुने हो कुन्नि! बालापनका संगीसाथी नोकरी-चाकरीका लागि मैदानतिर लागेका छन्। गाउँतिर जान त्यसलाई मन लाग्दैन। लछ्माबारे कसैसँग सोध्न पनि त्यसलाई राम्रो लाग्दैन।

जति दिन ऊ नोकरीमा रह्यो, ऊ फर्केर गाउँ गएन। एक स्टेशनदेखि अर्को स्टेशनका लागि वालन्टरी ट्रान्सफर (Voluntary Transfer) लिनेवालाको लिस्टमा नायक गुसाईंसिंहको नाम माथि नै रह्यो, लगातार पन्ध्र वर्षसम्म।

गत बैशाखमा नै ऊ गाउँ फर्कियो, पन्ध्र वर्षपछि; 'रिजर्व' आएपछि। कालो कपाल लिएर गएको मान्छे आधा सेता कपाल लिएर फर्कियो। लछ्माको हठले उसलाई एक्लो बनाइदियो।

आज यस एक्लोपनमा कोही हुँदो हो जसलाई गुसाईं आफ्नो जिन्दगीको किताब पढेर सुनाओस्। शब्द-शब्द, अक्षर-अक्षर, कति देख्यो, कति सुन्यो र कति अनुभव गऱ्यो उसले...।

तर, नदीको किनारमा यो तातो बालुवा, घट्टको खटर-पटर र देवदारको छायामा चीसो चिलिमवाला हुक्का बेफ्वाँकमा पड्काउँदै गुसाईं। अनि चारैतिर अरू कोही छैन। एकदम निर्जन, निस्तब्ध, सुनसान। एकाएक गुसाईंको ध्यान भङ्ग भयो।

सामुन्ने डाँडाको माझमा, गोरेटोमा, टाउकोमा भारी बोकेर एउटी नारी आकृति त्यतैतिर आइरहेकी थिई। गुसाईंले सोच्यो कि त्यहींबाट चिच्याएर उसलाई फिर्ता पठाइदिऊँ। कोसीको चिल्ला, लेउ लागेका ढुंगामाथि कठिनाइसाथ हिँडेर त्यसलाई यहाँसम्म आएर निराश फर्कनका लागि उसले किन बाध्य पारोस्। टाढाबाट कराइकराईकन पिसान स्वीकार गराउने मानिसहरूको बानीले ऊ आजित भइसकेको थियो। यसकारण कराउने मन भएन। त्यो आकृति तबसम्म गोरेटो छाडी नदीको बाटोमा आइसकेकी थिई।

घट्टको बदलिएको आवाजलाई चिनेर गुसाईं घट्टको भित्र गयो। सोलीमा राखिएको अन्न सिद्धिएको थियो। सोलीमा एउटा कम अन्नवाला थैलो खन्याएर उसले अन्नको निकास रोक्नका लागि काठका चिडियाहरूलाई उल्टो गरिदियो। किट्किट्काे स्वर बन्द भयो। उसले छिटो-छिटो पीठोलाई थैलोमा झर्न थाल्यो। घट्टको भित्र मथानीको छिच्छर-छिच्छरको आवाज पनि अल कम भएको थियो। केवल जाँताको माथिल्लो पाट घसारिने घरघराहटको हल्का, कम आवाजवाला संगीत चलिरहेको थियो। त्यत्तिकैमा गुसाईंले सुन्यो आफ्नो पिठ्यूँपछाडि घट्टको ढोकामा, यो संगीतभन्दा पनि मधुर स्वर।

"कहिले पानी आउला ज्यू ? रातको रोटीका लागि घरमा पीठो छैन।"

टाउकोमा पिसान बोकेकी एउटी आइमाईले ऊसँग सोधिरहेकी थिई, गुसाईंलाई त्यो स्वर चिनेजस्तो लाग्यो। चौंकेर उसले पछाडि फर्केर हेऱ्यो। कपडामा पिसान खुकुलोगरी बाँधिएकोले भारीको एक भाग उसको अनुहारतिर लत्रिएको थियो। गुसाईंले त्यसलाई राम्ररी हेर्न पाएन। तर, त्यसो हुँदा पनि उसको मन आशंकितजस्तो भयो। आफ्नो शंका समाधानका लागि ऊ बाहिर जानका लागि फर्कियो। तर, फेरि भित्र गएर पिसानका थैलाहरूलाई व्यवस्थित गर्न थाल्यो। काठका चिडिया कट्कट् गर्दै थिए र त्यसै गतिका साथ गुसाईंलाई आफ्नो हृदयको स्पन्दनका आभास हुँदै थियो।

घट्टको सानो कोठामा चारैतिर पिसिएको अन्नको चूर्ण फैलिएको थियो जो अहिलेसम्म गुसाईंको पूरै शरीरमा छाएको थियो। यस्तो कृत्रिमा सफेदीको कारण ऊ बूढोजस्तो देखिन्थ्यो। आइमाईले उसलाई चिनिन।

उसले अर्कोपटक पनि उही शब्द दोहोऱ्याई। ऊ अझै पनि चर्को घाममा बोझ टाउकोमा राखेर गुसाईंको जवाफ सुन्न आतुर थिई। शायद, नकारात्मक जवाफ पाएपछि ऊ फर्केर कुनै अन्य घट्टतिर लाग्थी।

दोस्रोपटकको प्रश्नलाई गुसाईंले टार्न सकेन। जवाफ दिनैपऱ्यो- "यहाँ पहिलेदेखि नै रास थुप्रिएको छ, बेर त हुने नै छ।" उसले दबेको स्वरमा भन्यो।

आइमाईले कुनै प्रकारको अनुनय विनय गरिनँ। साँझका लागि पीठोको जोहो गर्न ऊ अर्कै घट्टको सहारा लिनका लागि फर्किई।

*क्रमश...*

**सरकारले...**

विज्ञप्तिमा भनिएको छ-'कसुर प्रमाणित भए दोषी व्यक्ति कारबाहीको भागिदार हुनुपर्छ भन्नेमा निजी क्षेत्रको कुनै बिमति छैन। नेपालको संविधानले दिएको सम्मानपूर्वक बाँच्न पाउने अधिकार, कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने व्यवस्थाको स्मरण गराउँदै, समग्र निजी क्षेत्र यसबारे सरकारलाई गम्भीर हुन आग्रह गर्दछ।'

विगत करिब चार वर्षदेखि शिथिल बन्दै गइरहेको अर्थतन्त्र नयाँ निर्वाचनपछि आएको करिब दुई तिहाईको सरकारले लिने नीति र व्यवसायीमैत्री व्यवहारपछि अर्थतन्त्र गतिशिल बन्ने अपेक्षा निजी क्षेत्रले गरेको समेत बताइएको छ। यस्ता गतिविधिले हालको बलियो एवम् स्थिर सरकारको समयमा लगानी अभिवृद्धि गर्ने, लगानीकर्ता सुरक्षित महसुस गर्ने विषयबाट विमुख हुन नपरोस् भन्ने चाहना निजी क्षेत्रको समेत विज्ञप्तिमा बताइएको छ।

अगाडि भनिएको छ-'निजी क्षेत्रको लगानी र उद्यमीहरुको उत्साहबाट मात्रै देशलाई समृद्ध बनाउन सकिन्छ भन्ने विषयलाई स्पष्टसँग बुझ्न एवम् मनन् गर्न पनि सम्बन्धित सबै पक्षलाई पुनः आग्रह गर्दछौँ।' विज्ञप्तिमा महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डे र चेम्बरका अध्यक्ष कमलेश कुमार अग्रवालले हस्ताक्षर गरेका छन्।

सरकारले बागमती नदी किनारलगायत विभिन्न स्थानका सुकुम्वासीहरूको घर टहरा हटाउने निर्णय गरेको विषयमा ध्यानाकर्षण गराउँदै यस्तो आग्रह गरेका हुन्।

आयोगले यस विषयमा विगत गरेको सिफारिस पनि कार्यान्वयन सम्बन्धमा जानकारी पनि माग गर्दै सरकारलाई पत्र पठाइएको बताएको छ।

सरकारले शनिबार बिहानदेखि काठमाडौंका विभिन्न स्थानका सुकुम्वासी बस्ती हटाउने तयारी गरेको छ। यसका लागि बस्ती खाली गराउन पनि भनिसकेको छ।

यता सरकारले अतिक्रमित सुकुम्वासी बस्ती हटाएर तत्काल नयाँ पूर्वाधार निर्माण गर्ने निर्णय गरेको छ। शुक्रबार बस्ती हटाउने विषयमा शहरी विकास मन्त्री सुनील लम्सालको अध्यक्षतामा मन्त्रालयमा बसेको विभिन्न निकाय र सरोकारवाला पक्षको बैठकले यस्तो निर्णय गरेको हो।

'बस्ती खाली भइसकेपछि उक्त स्थानहरूको भत्केका संरचनाहरू हटाउने, ट्र्याक खोल्ने र अन्य आवश्यक पूर्वाधार तयारीका कार्य भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र शहरी विकास मन्त्रालयले तत्काल सुरु गर्ने।'- निर्णयमा उल्लेख छ।

**विकल्पविना...**

गरिब, विपन्न तथा सुकुम्वासी समुदायमाथि गरिएको अमानवीय र असंवेदनशील व्यवहार भएको बताउँदै एमालेले कडा आपत्तिसहित भर्त्सना पनि गरेको छ, साथै सुकुम्वासीहरूको विस्थापन अन्तिम विकलप हुन नसक्ने एमालेले जनाएको छ।

यस्तै श्रम संस्कृति पार्टीका सांसद आरेन राईले सरकारले बिना विकल्प हटाउन खोजेको भन्दै आफ्नो पार्टी सुकुम्वासीको पक्षमा रहेको बताएका छन्।

यता राष्ट्रिय मानवअधिकार आयोगले वास्तविक सुकुम्वासीहरूको पहिचान गरी उनीहरूको व्यवस्थापन गर्न सरकारलाई आग्रह गरेको छ। आयोगका सहायक प्रवक्ता श्यामबाबु काफ्लेले विज्ञप्ति जारी गरी

**थोक...**

थोक बजारमा रहेका ६८ वटा सटरका लागि २६७ वटा बोलपत्र दर्ता गरेर बैंक ग्यारेन्टी समेत बुझाएको डेढ वर्ष भइसकेको बताउँदै अदालतको फैसला कार्यान्वयन नगरे सम्बन्धित निकायविरुद्ध कानुनी उपचार खोज्ने पोखरेलले चेतावनी दिए।

२४ भदौ २०८१ मा कृषि बजार व्यवस्थापन समितिले ६८ वटा सटर भाडामा लगाउने गरी बोलपत्रको सूचना प्रकाशन गरेको थियो। अदालतको आदेश आएपछि त्यहाँ व्यवसाय गरिरहेका व्यवसायीले दुई दिन बजार बन्द गरेर आन्दोलन गरेका थिए।

२०६७ सालमा १० वर्षका लागि तरकारी तथा फलफूल व्यवसायीसँग सम्झौता भएको थियो। उक्त सम्झौता २०७७ भदौमा सकिएपछि कृषि मन्त्रालयको कृषि बजार प्रवर्द्धन केन्द्र र बुटवल उप-महानगरले सञ्चालक समितिलाई सटर भाडामा लगाउने प्रक्रिया थाल्न निर्देशन दिएको थियो। तर कोभिड लगायत कारणले ढिलाइ भएको थियो।

१५ वर्षअघि निर्माण भएको बुटवल कृषि उपज तथा थोक बजार केन्द्रमा कृषि मन्त्रालयको ६० प्रतिशत, बुटवल उप-महानगरको २४ प्रतिशत र लुम्बिनी फलफूल तरकारी थोक व्यवसायी संघको १६ प्रतिशत लगानी छ।

२४ भदौ २०८१ मा प्रकाशित शिलबन्दी बोलपत्र आह्वानको सूचनाबमोजिम २६७ वटा बोलपत्र दर्ता भएको र बोलपत्र खोल्ने प्रक्रियामा रहेको अवस्थामा केही ब्यापारीले उक्त बोलपत्रको सूचना तथा काम कारबाही बदर गरीपाउँ भनी सर्वोच्च अदालत र जिल्ला अदालतमा रिट दिएका थिए।

जिल्ला अदालतले ९ कात्तिक २०८१ को जारी अन्तरकालीन आदेशबाट बोलपत्र खुल्ने कार्य रोकिएकोमा सर्वोच्चबाट १२ पुस २०८१ मा बोलपत्र बदरको रिट खारेज हुने फैसला भएको थियो।

जिल्ला अदालतबाट २० कात्तिक २०८२ मा उक्त रिट निवेदन र अन्तरकालीन आदेशसमेत खारेज हुने फैसला भएबाट बोलपत्रसम्बन्धी काम कानुनसम्मत रहेको पुष्टि भएको थियो। अदालतको फैसलाको पूर्णपाठमा लिखित सम्झौता नगरी मनपरी निर्णय गरेर सटरहरू भाडामा दिएको उल्लेख छ। २०६७ सालमा १० वर्षका लागि भएको सम्झौता २०७७ सालमै सकिए पनि त्यसपछि कुनै सम्झौता नगरी मनपरी भाडामा लगाएको अदालतले ठहर गरेको छ।


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय चन्द्रौटा, कपिलवस्तु

**मालपोत कार्यालय चन्द्रौटा बाट प्रकाशित हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना**

मिति :- २०८३/०१/११

जिल्ला कपिलवस्तु, साबिक लालपुर गा.वि.स. वडा नं. ९ हाल शिवराज नगरपालिका वडा नं. १० बस्ने लाल बिहारी बनियाको बुहारी राम सेबक बनियाको पत्नी फूलमती गुप्ताले मेरो सुसुरा लाल बिहारी बनियाको मिति २०३३ साल अगावै मृत्यु भएको, निजको एकमात्र पत्नी धनराजी बनियाको मिति २०३३ साल अगावै मृत्यु भएको, निज दम्पतिबाट ३ भाई छोराको जन्म भएकोमा जेठो छोरा केदारनाथ अग्रहरी, माईलो छोरा राम सेबक बनिया र कान्छो छोरा राम मिलन गुप्ता भएको, अविवाहित छोरी नभएको, जेठो छोरा केदारनाथ अग्रहरीको मिति २०५८।१।१२ मा मृत्यु भएको, निजको एकमात्र पत्नी तारामती अग्रहरीको मिति २०७८।७।२४ मा मृत्यु भएको, निज दम्पतिबाट ५ भाई छोरा भएकोमा जेठो छोरा राजेश गुप्ता, माईलो छोरा राम चन्द्र गुप्ता, साईलो छोरा कृष्ण चन्द्र गुप्ता, काईलो छोरा कमलेश अग्रहरी र कान्छो छोरा सुरज कुमार अग्रहरी भएको अविवाहित छोरी नभएको, लाल विहारी बनियाको माईलो छोरा राम सेवक बनियाको मिति २०७१।७।१ मा मृत्यु भएको, निजको एकमात्र पत्नी फूलमती गुप्ता भएको, कान्छो छोरा राम मिलन गुप्ताको मिति २०८२।३।२ मा मृत्यु भएको, निजको एकमात्र पत्नी गौरी देवी गुप्ताको मिति २०६९।१०।८ मा मृत्यु भएको, निज दम्पतिबाट कुनै पनि छोरा छोरीको जाय जन्म नभएको र मृतक केदारनाथ अग्रहरी, राम सेवक बनिया र राम मिलन गुप्ता समेत ३ जनाको संयुक्त नाममा दर्ता श्रेस्ता कायम जिल्ला कपिलवस्तु लालपुर गा.वि.स. वडा नं. ७क, वडा नं. ८ र वडा नं.८ क अन्तर्गतका जग्गा केदारनाथ अग्रहरी र राम सेवक बनियाको मृत्यु पश्चात निजहरुका हकदारहरु बिच आ आफनो नाममा मालपोत कार्यालय चन्द्रौटा कपिलवस्तुको र. नं. ४५९० मिति २०८०।१।१९ मा पारित लिखत अंश वण्डा भएकोले लाल बिहारी बनियाको कान्छो छोरा राम मिलन गुप्ता र निजको एकमात्र पत्नी गौरी देवी गुप्ता समेतको जिवित छदाँ सेवा सम्भार, औषधी उपचार र मृत्यु पश्चात परम्परा अनुसार दाह संस्कार, काज क्रिया समेत म निवेदक फूलमती गुप्ताले गरेको हुदाँ मुलुकी देवानी संहिता ऐन २०७४ को दफा २४६ बमोजिमका काम कर्तव्य समेत मैले नै गरेको र सोहि ऐनको दफा २४३ बमोजिम अपुताली हक कायम गरी ऐनको दफा २९७ बमोजिम मृतक ज.ध. राम मिलन गुप्ताको नाममा दर्ता श्रेस्ता कायम रहेको जिल्ला कपिलबस्तु लालपुर गा.वि.स. वडा नं. ७ क, वडा नं. ८ र वडा नं. दक अन्तर्गका तपशिल अनुसारको जग्गा मेरो नाममा एकलौटी नामसारी गरी पाँउ भनि शिवराज नगरपालिका वडा नं. १० को च.नं. ६०९ मिति २०८२।१२।२ गतेको सिफारिस पत्राअनुसार यस कार्यालयको द.नं. ४४७३ मिति २०८२/१२/२ मा निवेदन पेश गरेको हुदाँ माथि उल्लेखित कि.नं. र क्षेत्रफलको जग्गा फूलमती गुप्ताको नाममा एकलौटी नामसारी गरी दिदा कसैको हकदैयामा असर पर्छ पर्दैन ? अन्य कोही कसैको हकभोग लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुद प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला। अन्यथा कानून बमोजिम भई जाने ब्यहोरा जानकारी गराईन्छ।

**तपशिलः**

| क्र.सं. | गा.वि.स | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला ज.ध. | निवेदक |
|---|---|---|---|---|---|---|
| १ | लालपुर | ७क | १११० | ०-०-५ | राम मिलन | फूलमती बनिया |
| २ | " | " | १११८ | ०-१-२$^{३/४}$ | " | " |
| ३ | " | " | ११२४ | ०-०-९$^{३/४}$ | " | " |
| ४ | " | " | ११३० | १-१-१७$^{३/४}$ | " | " |
| ५ | " | " | ११३४ | ०-२-४$^{३/४}$ | " | " |
| ६ | " | " | ११३६ | ०-२-९ | " | " |
| ७ | " | " | ११४२ | ०-०-९ | " | " |
| ८ | " | " | ११४८ | ०-०-२$^{३/४}$ | " | " |
| ९ | " | " | ११५४ | ०-०-१०$^{३/४}$ | " | " |
| १० | " | " | ११६० | ०-३-३$^{३/४}$ | " | " |
| ११ | " | " | ११६६ | ०-०-३$^{३/४}$ | " | " |
| १२ | " | " | ११७२ | ०-०-५$^{३/४}$ | " | " |
| १३ | " | " | ११७८ | ०-१-१० | " | " |
| १४ | " | " | ११८४ | ०-०-५$^{३/४}$ | " | " |
| १५ | " | " | ११९० | ०-०-१८$^{३/४}$ | " | " |
| १६ | " | " | ११९६ | ०-०-६ | " | " |
| १७ | " | " | १२०२ | ०-२-७$^{३/४}$ | " | " |
| १८ | " | " | १२०८ | ०-०-६$^{३/४}$ | " | " |
| १९ | " | ८ | १११६ | ०-१-१०$^{३/४}$ | " | " |
| २० | " | " | ११२२ | ०-०-४$^{३/४}$ | " | " |
| २१ | " | " | ११२८ | ०-०-४ | " | " |
| २२ | " | " | ११३० | ०-१-१३$^{३/४}$ | " | " |
| २३ | " | " | ११३६ | ०-०-१७$^{३/४}$ | " | " |
| २४ | " | " | ११४६ | ०-१-० | " | " |
| २५ | " | " | ११५२ | ०-१-४$^{३/४}$ | " | " |
| २६ | " | " | ११५८ | ०-१-२$^{३/४}$ | " | " |
| २७ | " | " | ११६४ | ०-२-० | " | " |
| २८ | " | " | ११७० | ०-१-६ | " | " |
| २९ | " | " | ११७६ | ०-०-११$^{३/४}$ | " | " |
| ३० | " | " | ११८२ | ०-१-७ | " | " |
| ३१ | " | " | १११२ | ०-०-१५ | " | " |
| ३२ | " | ८क | १०९८ | ०-०-१५$^{३/४}$ | " | " |
| ३३ | " | " | १११० | ०-०-३$^{३/४}$ | " | " |
| ३४ | " | " | १०९२ | ०-३-३$^{३/४}$ | " | " |

मालपोत अधिकृत



नेपाल सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय**
कपिलवस्तु

**हकवालाको नाउँको ३५ दिने सूचना।**

मिति २०८३/१/११

प्रस्तुत विषयमा जिल्ला कपिलवस्तु, बुड्डी गा.वि.स. वडा नं. ५ बस्ने रंगमनी भुसालको नाती, टिकाराम भुसाल छोरा ज.ध. भुमाराम भुसालको मिति २०६५/१२/१६ गते मृत्यु भएको। निजको एक मात्र पनि चोपकला भुसालको पनि मिति २०६८/१०/२५ गते मृत्यु भएको। भुमाराम भुसाल र चोपकला भुसाल दम्पतीबाट जायजन्म भएको चार छोराहरु विष्णु प्रसाद भुसाल, खेमराज भुसाल, तुल्सी प्रसाद भुसाल र डिलाराम भुसाल हुन र दुई छोरीहरु विवाह भई गरसकेको। मृतक ज.ध. भुमाराम भुसालको नाउँमा श्रेस्ता जिर्ण रहेको तपसिल बमोजिमको जग्गा हाम्रो भोगचलनमा रहेको साथै उक्त जग्गामा कुनै सरकारी सार्वजनिक जग्गा नधुसेको, बिक्री वितरण वा अन्य कुनै व्यहोराले हक हस्तान्तरण नभएको र हदबन्दीमा समेत नपरेको। ज.ध. भुमाराम भुसाल जिवित छदाँ पालनपोषण, रेखदेख, औषधी उपचार र मृत्यु पश्चात काजकिरिया हामीले नै गरेको र अन्य कोही कुनै ब्यहोराले हक हस्तान्तरण नभएको र हदबन्दीमा समेत नपरेको। ज.ध. भुमाराम भुसाल विष्णु प्रसाद भुसाल, खेमराज भुसाल, तुल्सी प्रसाद भुसाल र डिलारम भुसालको मिति २०८३/१/९ को निवेदन हकवाला नरहेको हुँदा मृतक ज.ध. को नाँउमा श्रेस्ता कायम गरी हाम्रो नाँउमा सँयुक्त नामसारी गरी पाँउ भनि माग अनुसार यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। अपुताली खाने निज निवेदक बाहेक अन्य कोही नजिकका हकदार भए वा श्रेस्ता कायम हुनु नपर्ने भए यो सूचना टाँस भएको मितिले पैतिस दिन भित्र अपुताली खान पाँउने भए प्रमाण समेत लिइ यस कार्यालयमा उजुरी गर्नुहोला। सूचना टाँस भएको म्याद भित्र उजुर नगरेमा निम्न लिखित कित्ता नम्बरको जग्गा नियमानुसार निवेदकको माग अनुसार नामसारी भई जाने र पछि कसैको कुनै किसिमको उजुर नलाग्ने ब्यहोरा समेत जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | दर्तावालाको नामथर | कैफियत |
|---|---|---|---|---|---|
| बुड्डी | ७ ख | ७११ | ०-८-९ | ज.ध. भुमाराम भुसाल | |
| | ७ ख | ७१३ | ०-४-३ | बाबुः टिकाराम भुसाल | |
| | ७ ख | ४७० | ०-७-० | ना.प.नं. १७५५१५८७/०३३ | |
| | ७ ख | ११४० | ०-०-९ | बाजेः रंगमनी भुसाल | |
| | ७ क | १००८ | ०-२-८ | जारी मितिः २०३३।९।९ | |
| | | | | ठेगानाः जिल्ला कपिलवस्तु, बुड्डी गा.वि.स. वडा नं. ५ | |

**मालपोत अधिकृत**

# प्रहरीलाई मोटरसाइकल सहयोग



बुटवल । इलाका प्रहरी कार्यालय धकधईलाई एक थान होन्डा कम्पनीको साइन मोटरसाइकल सहयोग गरिएको छ ।

रुपन्देहीको रोहिणी गाउँपालिका-४ मझौलीस्थित होन्डा कम्पनीको २ पाङ्ग्रे स्कुटर तथा मोटरसाइकलको एसेम्बलिङ उद्योग हिमाल मोटो नेपाल प्रालि र स्याकार ट्रेडिङ कम्पनी प्रालिले संयुक्त रुपमा प्रहरी कार्यालयलाई मोटरसाइकल सहयोग गरेका हुन् ।

एक कार्यक्रमका बिच उक्त मोटरसाइकल होन्डा कम्पनीका एसिया र ओसिनिया क्षेत्रका उपाध्यक्ष र हिमाल मोटो नेपालका सञ्चालक सौरभ ज्योतिले इलाका प्रहरी कार्यालय धकधइका इञ्चार्ज रामभक्त भट्टराईलाई हस्तान्तरण गरेका थिए । उक्त मोटरसाइकलको मूल्य ३ लाख १३ हजार ९ सय रुपैयाँ रहेको छ ।

कार्यक्रममा बोल्दै सौरभ ज्योतिले शान्ति सुरक्षा कायम गर्न प्रहरीलाई सहयोग पुऱ्याउने उद्देश्यले मोटरसाइकल हस्तान्तरण गरिएको बताए ।

प्राप्त भएको मोटरसाइकलले प्रहरी परिचालनमा सहयोग पुग्ने इलाका प्रहरी कार्यालय धकधईका इञ्चार्ज भट्टराईले बताए ।

कार्यक्रममा स्याकार ट्रेडिङ कम्पनीका सुहृद ज्योती, जरनल म्यानेजर सोहनबहादुर श्रेष्ठ, सर्भिस म्यानेजर सीताराम न्यौपाने, पार्टस म्यानेजर प्रलाद गौतम, इम्पोर्ट हेड बन्दन कार्की, प्रविन पौडेल, प्लान्ट हेड सरोज पाण्डे, ट्राफिक सई रेशम रिजाल, टंकबहादुर दर्लामीलगायतले आफ्ना भनाइ राखेका थिए ।

## सय रुपैयाँ बढीमा भन्सार :

# व्यवसायी खुश, उपभोक्ता बेखुश




बुटवल । सरकारले सय रुपैयाँभन्दा बढीको सामान आयातमा भन्सार अनिवार्य गरेपछि भारतसँगको सीमावर्ती क्षेत्रमा मिश्रित धारणा आइरहेका छन् । व्यवसायीहरुले सरकारको निर्णयले नेपाली व्यवसायीको व्यापारमा सुधार आउने र राजस्व वृद्धि हुने भन्दै स्वागत गरेका छन् ।

तर सर्वसाधारण उपभोक्ताले भने यो निर्णय कडाइपूर्वक लागू हुँदा आफूहरु महंगीको मारमा परेको र भान्सा महंगो भएको भन्दै असन्तुष्टी व्यक्त गरेका छन् ।

नेपाली बजारमा भन्दा दैनिक उपभोग्य धेरै वस्तु भारतमा सस्तो पाइने भएकाले विगतमा धेरै नेपाली सीमावर्ती भारतीय बजारहरुमा किनमेल गर्ने जाने गरेका थिए । विशेषगरी घरमा पुजाआजा, ब्रतबन्ध, विवाह हुँदा चिनी, दलहन, तेलहनलगायत किराना सामान र कपडा किन्न भारतीय बजार जाने प्रचलन थियो ।

त्यो रोकिंदा सर्वसाधारण जनतामा आर्थिक भार बढेको र जनजीवन नै प्रभावित भएको नागरिक मात्र नभई जनप्रतिनिधिहरु समेत गुनासो गर्न थालेका छन् । लुम्बिनी प्रदेशसभा सदस्य हेमा बेल्वासे केसीले त प्रदेशसभा बैठकमै भारतीय बजारबाट ल्याइने सामान्य घरायसी सामानमा १०० रुपैयाँभन्दा माथि भन्सार तिर्नुपर्ने व्यवस्थाप्रति चर्को असन्तुष्टी जनाइन् ।

सीमावर्ती क्षेत्रका नागरिकमाथि सय रुपैयाँभन्दा थोरै बढीको सामान्य सामग्री ल्याउँदा अपमानजनक व्यवहार भोग्नुपरेको उनको तर्क छ । वर्तमानको चर्को महँगीको अवस्थामा १०० रुपैयाँले कति सामान किन्न सकिन्छ, भन्दै यो व्यवस्था अव्यवहारिक भएको उनले तर्क गरिन् ।

यस्तो नियमले गरिबको भान्सामाथि प्रत्यक्ष असर गरेको उनले धारणा राखिन् ।

बेल्वासेले इन्धन मूल्यवृद्धिका कारण ढुवानी खर्च बढेर दैनिक उपभोग्य वस्तुको मूल्यसमेत चुलिएको बताउँदै सीमावर्ती नागरिकका लागि 'बोर्डर पास' वा सहुलियत कार्डको व्यवस्था गर्न तथा सस्तो र सुलभ बजार सुनिश्चित गर्न सरकारसँग माग गरिन् ।

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश अध्यक्ष ठाकुर श्रेष्ठले भने १०० रुपैयाँभन्दा माथिमा भन्सार अनिवार्यले नेपाली व्यवसायी खुशी भएको बताए । यो माग आफूहरुले पहिल्यैदेखि उठाउँदै आएको भन्दै उनले यसले सरकारको भन्सार राजस्व बढाउने र अवैध आयात रोकिने बताए । भन्सार छलेर सामान ल्याई व्यवसाय गर्नेहरुले मात्रै यसको विरोध गरेको श्रेष्ठको तर्क छ ।

लुम्बिनीकै अर्की प्रदेशसभा सदस्य तारा थापाले एकातिर सीमा कडाइ र अर्कोतिर अत्यधिक मूल्यवृद्धिका कारण विपन्न वर्गको जीवनयापनमा कठिनाइ आएको बताउँदै सरकारले तत्काल राहत दिनुपर्ने माग गरिन् ।

# बुटवलमा कार्वन उत्सर्जन न्यूनीकरणसम्बन्धी कार्यशाला



बुटवल । कार्वन उत्सर्जन न्यूनीकरणसम्बन्धी बुटवलमा कार्यशाला गोष्ठी गरिएको छ । ब्रिटिस काउन्सिल, साना हस्तकला र बुटवल उद्योग वाणिज्य संघको अयोजनामा शुक्रबार बुटवलमा कार्वन उत्सर्जन न्यूनीकरणसम्बन्धी एक दिने कार्यशाला गोष्ठी गरिएको हो ।

उद्योग तथा कलकारखाना तथा त्यससँग सम्बन्धित गतिविधिमा कार्वन उत्सर्जन तीव्र रुपमा भइरहेको छ । यसरी तीव्र रुपमा भइरहेको कार्वन उत्सर्जनले वायु प्रदूषण त गरिरहेको छ नै मानव स्वास्थ्यमा समेत प्रत्यक्ष प्रभाव परिरहेको छ । यसैलाई मध्येनजर गरेर विशेष गरी नवउद्यमीकालागि उक्त कार्यक्रम गरिएको हो ।

कार्यक्रममा बोल्दै बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीका कार्यवाहक अध्यक्ष (वाणिज्य उपाध्यक्ष) विमलराज भट्टराईले उद्योग व्यवसायमा हुने साना-साना कुराको सुधारले पनि कार्वन उत्सर्जन न्यूनीकरण गर्न सकिने बताए । उनले उद्योग व्यवसायमा हुने साना-साना कुराको सुधारले उत्पादन लागतलाई समेत घटाउन मद्दत गर्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा 'क्रिएटिभ ग्रीन इकानोमी' अवधारणाअन्तर्गत हस्तकला उत्पादनमा वातावरणमैत्री अभ्यास अपनाउने, कार्बन उत्सर्जन घटाउने र स्थानीय स्रोतको प्रयोग बढाउने विषयमा स्टोरी साइकलका सौरभ ढकालले जानकारी गराएका थिए । जलवायु परिवर्तनसँग सम्बन्धित नेपाली हस्तकलाको दिगोपन प्रवर्द्धन गर्नका लागि पनि कार्वन उत्सर्जन न्यूनीकरण उपयोगी हुने साना हस्तकलाकी उसा पनले बताइन् ।

कार्यक्रममा 'लाइफ साइकल असेस्मेन्ट' मार्फत् उत्पादनदेखि प्रयोग र पुनःप्रयोगसम्मको कार्वन प्रभाव मापन गर्ने तरिकाबारे प्रशिक्षण दिइएको थियो । साथै, मानिस, पृथ्वी, नाफा, उद्देश्य र स्थानको अवधारणालाई आत्मसात गर्दै दिगो उत्पादन र बजार विस्तारमा जोड दिइएको बुटवल उद्योग वाणिज्य संघका कार्यकारी निर्देशक मदनकुमार कार्कीले बताए ।

स्टोरी साइकलका निश्चल वली र साना हस्तकलाकी रोजिना थापाका अनुसार यसबाट नेपाली हस्तकला अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बन्ने, कार्बन क्रेडिटबाट आम्दानी गर्न सकिने जस्ता लाभ लिन सकनेछ । साना हस्तकलाको कार्वन म्यापिङको उदाहरण प्रस्तुत गर्दै समूहगत रुपमा हस्तकला, खाद्यबस्तु, धातुजन्य बस्तु, पर्यटनलगायतका व्यवसायमा कार्वन म्यापिङ गरिएको थियो ।

# होराइजन र लुम्बिनी खुकुरीको सहज जित



भैरहवा । होराइजन स्पोटर्स क्लब र लुम्बिनी खुकुरी क्लबले भैरहवामा जारी 'खुकुरी टी-ट्वान्टी कप-२०८३' अन्तर्गत शुक्रबारको खेलमा सहज जित निकालेका छन् । होराइजनले डिभाइन क्रिकेट एकेडेमीलाई २ सय ९ रनको विशाल अन्तरले पराजित गर्दा खुकुरीले सैनामैना क्रिकेट क्लबमाथि ५२ रनको जित निकाल्यो ।

सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा टस जितेर ब्याटिङ गरेको होराइजनले ७ विकेट गुमाएर २ सय ४८ रनको उच्च योगफल खडा गर्‍यो । जसमा ड्रुस सुनारले ६६, अमर मिश्राले ५३, दिलसाद अलीले ३१ र आरिफ खानले १६ रन बनाए । डिभाइनका सुधीर श्रेष्ठले ३, नेलसन सुवेदी, रलेश चौरसिया, बालकुमार यादव, धुरेन्द्र पटेल र सुरज कलवारले समान १-१ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको भिाइन १३ ओभर ४ बलमा अलआउट हुँदै जम्मा ३९ रन मात्रै बनायो । उसका लागि बालकुमार यादवले १० रन बनाए । उसलाई सस्तैमा रोक्न बलिङमा होराइजनका सिव्रिन श्रेष्ठले ५, अलिसन अधिकारी, विप्रसन केसी, प्रिन्स पाल, तुलबहादुर थापा र महेश भरले समान १-१ विकेट हात पारे । खेलमा सिव्रिन श्रेष्ठ प्लेयर अफ द म्याच भए ।

यस्तै, दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको लुम्बिनी खुकुरीले १९ ओभर १ बलमा सबै विकेट गुमाएर १ सय २७ रन जोड्यो । जसमा निश्चल चौधरीले ३६, दुर्गेश गुप्ताले २०, सिभान्स कपुरले १६ र सरिक अली मुसलमानले १५ रन बनाए । सैनामैनाका यदु यादव र विशाल भुसालले ३-३, अनमोल श्रीले २ तथा कृष्ण पन्थी र सुशान्त क्षेत्रीले १-१ विकेट लिए ।

प्रतिउत्तरमा सैनामैना १३ ओभर ५ बलमा सबै विकेट गुमाएर ७५ रनमै समेटियो । उसलाई सस्तैमा रोक्न खुकुरीका उत्कर्ष यादव र बैतुल्लाह खानले ३-३, अजयकुमार चौहानले २ तथा प्रशान्त श्रीवास्तव र सिभान्स कपुरले १-१ विकेट लिए । सैनामैनाका अनमोल श्रीसले २२, विशाल भुसालले १९ र राज खनालले १० रन बनाए । खेलमा बैतुल्लाह खान प्लेयर अफ द म्याच भए ।

लुम्बिनी खुकुरी क्लब, भैरहवाको आयोजनामा जारी प्रतियोगितामा नेपालका १३ तथा भारतका ३ गरी कुल १६ टीमको सहभागिता छ । यही बैशाख १५ गतेसम्म चल्ने प्रतियोगिताको विजेता टीमले नगद १ लाख ११ हजार १ सय ११ रुपैयाँ प्राप्त गर्ने छ भने उपविजेताले ५५ हजार ५ सय ५५ रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने खेल संयोजक नन्दन श्रेष्ठले बताए । साथै, म्यान अफ द सिरिजलाई १५ हजार रुपैयाँ तथा उत्कृष्ट ब्याट्सम्यान र बलरलाई जनही ५ हजार ५ सय रुपैयाँ तथा प्रत्येक खेलको म्यान अफ द म्याचलाई एक हजार ५ सय प्रदान गरिनेछ ।

# नेप्से परिसूचकमा झिनो अङ्कको सुधार

काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा शुक्रबार झिनो अङ्कको सुधार देखिएको छ । नेप्से परिसूचक एक दशमलव ५४ अङ्कले बढेर दुई हजार ७८८ दशमलव ७० को बिन्दुका कायम भएको हो । यो शून्य दशमलव शून्य पाँच प्रतिशतको वृद्धि हो । विगत चार कारोबार दिनयता गिरावट आएको शेयर बजारमा आज झिनो अङ्कको सुधार देखिएको हो ।

बिहीबार नेप्से परिसूचक दुई हजार ७८७ को बिन्दुमा पुग्दा रु पाँच अर्ब नौ करोड ५९ लाख पाँच हजार ७५७ दशमलव १७ को कारोबार भएको थियो । शुक्रबार रु पाँच अर्ब २७ करोड तीन लाख ९९ हजार ७२७ दशमलव ६४ को कारोबार भएको छ । ८८ कम्पनीको शेयर मूल्य बढेको छ भने १६७ कम्पनीको मूल्य घट्नुका साथै १४ कम्पनी स्थिर रहेका छन् । आज ३५१ कम्पनीको एक करोड २१ लाख ७४ हजार ५१६ कित्ता शेयर ७५ हजार २२९ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब २७ करोड तीन लाख ९९ हजार ७२७ दशमलव ६४ को कारोबार नेप्सेले जनाएको छ ।

सबैभन्दा बढी अन्य समूहको परिसूचक एक दशमलव शून्य दुई प्रतिशतले घटेको छ । त्यस्तै, फाइनान्स शून्य दशमलव ६२, निर्जीवन बिमा शून्य दशमलव शून्य छ, जीवन बिमा शून्य दशमलव २६, माइक्रोफाइनान्स शून्य दशमलव ३५ र लगानी शून्य दशमलव शून्य दुई प्रतिशतले घटेको छ । व्यापार समूह शून्य दशमलव ५८, होटल तथा पर्यटन समूह शून्य दशमलव ३२, बैंकिङ शून्य दशमलव २२, विकास बैंक शून्य दशमलव २२, हाइड्रोपावर शून्य दशमलव २५ र उत्पादन तथा प्रशोधन समूहको शेयर मूल्य शून्य दशमलव ६६ प्रतिशतले बढेको छ ।

सबैभन्दा बढी पाल्पा सिमेन्ट इन्डस्ट्रिज लिमिटेड, शिखर पावर डेभलपमेन्ट लिमिटेड र माइखोला हाइड्रोपावर लिमिटेडको शेयरमा सकारात्मक सर्किट लागेको छ ।

# नगरको खर्चमा विद्यार्थी भर्ना अभियान लत्याएर प्रअहरूको भ्रमण






**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

वालिङ नगरप्रमुख कृष्ण खाँणले हस्ताक्षर गरेको पत्र बैशाख ८ गते वालिङ नगरपालिकाको सामाजिक सञ्जालमा सार्वजनिक भयो । खाँणले हस्ताक्षर गरेको पत्रमा वालिङ नगरभित्रका सबै सामुदायिक र संस्थागत विद्यालयलाई निर्देशन थियो । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले पठाएको पत्रविपरीत वालिङ नगर शिक्षा समितिले गरेको निर्णय बमोजिम बैशाख १० गतेबाट पठनपाठन सुरु गर्नु साथै कक्षा बिहान ९ बजेदेखि बेलुका ४ बजेसम्म सञ्चालन गर्नु भन्ने उल्लेख गरिएको थियो । खाँणले जारी गरेको पत्रअनुसार नेपालको संविधान तथा प्रचलित कानुनअनुसार आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनसम्बन्धी अधिकार स्थानीय तहलाई दिएकोले बैशाख १० गते अनिवार्य पठनपाठन सुरु गर्नु ।

नगर प्रमुख तथा नगर शिक्षा समितिका अध्यक्ष समेत रहेका खाँणले जारी गरेको पत्रलाई वालिङका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुले लत्यादिएका छन् । 'नयाँ शैक्षिकसत्र सुरु हुने बेलामा वालिङका सामुदायिक विद्यालयका ४१ जना प्रधानाध्यापकहरु अध्ययन अवलोकन भन्दै शैक्षिक भ्रमणमा हिँडे ।

उनीहरुको साथमा शिक्षा शाखाका दुईजना कर्मचारी समेत संलग्न छन् । जसले गर्दा नगर प्रमुखकै अध्यक्षतामा बसेको बैठकको निर्णय कार्यान्वयनमा फितलो हुने देखिएको छ ।

चारदिने अध्ययन अवलोकन शैक्षिक भ्रमणका लागि निस्केका प्रधानाध्यापकहरुलाई नगरपालिकाका प्रमुख कृष्ण खाँण र उप-प्रमुख कविता तिवारीले अविर र खादा लगाएर बिदाई गरेका थिए । वालिङ नगरपालिकाको नगर शिक्षा समितिको बैशाख ८ गते बसेको निर्णयअनुसार सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुलाई शैक्षिक भ्रमण गराइएको हो । उक्त भ्रमणको खर्च वालिङ नगरपालिकाले व्यहोर्ने बताइएको छ ।

बैशाख ८ गते बसेको नगर शिक्षा समितिले दुईवटा विवादास्पद निर्णय गरेको बताइएको छ । त्यो हो बैशाख १० गतेबाट पठनपाठन सुरु गराउने र प्रअहरुलाई भ्रमणको स्वीकृति दिने । यो निर्णय अहिले विवादमा परेको छ । नयाँ शैक्षिकसत्र सुरु हुनेबेला सरकारी विद्यालयका प्रधानाध्यापकलाई भ्रमणमा पठाएर नगरपालिकाको नगर शिक्षा समितिले गैरजिम्मेवारपूर्ण कार्य गरेको भन्दै अभिभावकहरु आक्रोशित छन् । प्रअहरुलाई शैक्षिक भ्रमणमा जान हुन्न भन्ने होइन,' ति अभिभावकहरुले भनेका छन्-'यो समय भ्रमणमा जाने बेला होइन ।'

एकातिर बैशाख १० गतेबाट पठनपाठन सुरु गर्नु भनेर निर्देशन दिने अर्कोतर्फ बैशाख १० गतेनै प्रअहरुलाई भ्रमणको स्वीकृति दिनुले खाँणले गैहजिम्मेवारी काम गरेको भन्दै अभिभावकहरु आक्रोशित भएका हुन् । सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या दिनानुदिन घटिरहेको छ । यो समय विद्यार्थी खोज्ने, विद्यालयको पहुँचमा नपुगेका बालबालिकालाई विद्यालयसम्म पुऱ्याई भर्ना अभियान सञ्चालन गर्ने बेलामा प्रधानाध्यापकहरुको भ्रमणले सामुदायिक विद्यालयलाई अझै खस्कदो वातावरणमा लैजान नगरपालिकाले भूमिका खेलेको आरोप अभिभावकहरुले लगाएका छन् ।

यस विषयमा बुझ्न नगरप्रमुख कृष्ण खाँण, शिक्षा शाखाका अधिकृत दुर्गा न्यौपाने गैह्रेलाई फोन सम्पर्क गर्न खोजेको टेलिफोन उठ्न सकेन । वालिङ नगरभित्र अहिले ६० ओटा सामुदायिक विद्यालय छन् । गत वर्ष मात्रै झण्डै १ दर्जन आधारभूत विद्यालय मर्जर भएका थिए । सरकारले लगानी गरेका विद्यालय विद्यार्थीकै अभावमा मर्जरमा लैजानुपर्ने बाध्यता भोगेका बेला नगरपालिकाले भर्नाकै समयमा विद्यालयको प्रशासन चलाउने प्रअहरुलाई पालिकाकै खर्चमा भ्रमणमा पठाउनुले राम्रो सन्देश नभएको स्थानीयहरु बताउँछन् ।

यसैबिच बैशाख ८ गते नै नगर शिक्षा समितिको बैठकले वालिङ नगरभित्रका सामुदायिक र संस्थागत विद्यालयको पढाइ बिहान ९ बजेबाट बेलुका ४ बजेसम्म गर्ने निर्णय पनि अहिले विवादित बनेको छ । वालिङ नगरपालिका बेला–बेलामा शिक्षाकै विषयमा विवादित बन्दै आएको छ । अदालतदेखि अख्तियारसम्म मुद्दा खेपेको वालिङ नगरपालिकाले विवादित निर्णय गरेकै कारण विवादमा आउने गरेको छ ।

# पौने ८ लाखको अवैध सामान नियन्त्रण

भैरहवा । सशस्त्र प्रहरीले अवैध रुपमा भित्रिएको ७ लाख ७७ हजार बढीको सामान नियन्त्रणमा लिएको छ ।

सशस्त्र प्रहरी बल, नेपाल नं.२७ गण हे.क्वा. रुपन्देहीबाट खटिएको टोलीले जिल्ला रुपन्देही सिद्धार्थनगर न.पा. २ केउटलिया इलाकामा भारतबाट अवैध रुपमा नेपालतर्फ ल्याउँदै गरेको मुल्य दुई लाख सन्ताउन्न हजार तीन सय पचास रुपैयाँ बराबरको लत्ताकपडा बरामद गरि आवश्यक कार्बाहीको लागि भैरहवा भन्सार कार्यालय बेलहिय रुपन्देहीमा पठाइएको गणका सूचना अधिकारी डीएसपी दुर्गा थापाले जानकारी दिए ।

यस्तै सिद्धार्थनगर न.पा. २ केउटलियाबाट अवैध रुपमा नेपालतर्फ ल्याउँदै गरेको दुई कार्टुन विभिन्न किसिमका फूलहरु बरामद गरी प्लान्ट क्वारेन्टाई कार्यालय बेलहियाका प्रतिनिधिको रोहवरमा नष्ट गरेको छ ।

यस्तै गणबाट खटिएको टोलीले जिल्ला रुपन्देही सिद्धार्थनगर न.पा. २ मेउडिहवामा भारतबाट अवैध रुपमा नेपालतर्फ ल्याउँदै गरेको अन्दाजी मूल्य पचास हजार बराबरको चार कार्टुन विभिन्न किसिमका फूलहरु बरामद गरी प्लान्ट क्वारेन्टाइन कार्यालय बेलहियाका प्रतिनिधिको रोहवरमा नष्ट गरेको छ ।

गणबाटै खटिएको टोलीले जिल्ला रुपन्देही सियारी गा.पा. २ स्थित टिनको टहरा मुनी राखिएको २०० क्यारेट केरा र ढुवानीमा प्रयोग भएको लु.३.प. ८४४६ नम्बरको सवारीसहित कुल पाँच लाख चालिस हजार बराबरको केरा र मो. स. नियन्त्रणमा लिई केरा प्लान्ट क्वारेन्टाइन कार्यालय बेलहियाका प्रतिनिधिको रोहबरमा नष्ट गरेको र मो.सा.आवश्यक कारबाहीका लागि भैरहवा भन्सार कार्यालय पठाएको छ ।




हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स
भएको भवन) फोनः- ०७१५४२५७१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com